# पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

३१

पू

र्णा

ङ्क

संशोधन–मण्डल

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

– बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ। त्यस कारण यहाँ कूटो गुण अथवा दोष नलाइदिनुहोला।]

# पूर्णिमा

८ वर्ष ३ अङ्क

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

सम्पादक-
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक-
देवीप्रसाद भण्डारी
(संशोधन-मण्डलद्वारा)

सहयोगी-
रामजी तेवारी

# विषयसूची


| | | | पृष्ठ |
|---|---|---|---|
| १. | ऐ. शि. बाबुराम आचार्यले रचना गर्नु भएको नेपालको संक्षिप्त इतिहास | –देवीप्रसाद भण्डारी | १५१ – १६१ |
| २. | गोपालराजवंशावली र भाषावंशावलीको साधर्म्यका केही उदाहरण | –महेशराज पन्त | १६१ – १७२ |
| ३. | सेसिल बेन्डालको शब्दमा गोपालराजवंशावलीको बयान | –महेशराज पन्त | १७२ – १७७ |
| ४. | डम्बर शाहको राज्यकालमा एक विचार | –दिनेशराज पन्त | १७७ – १८३ |
| ५. | बालाज्यूका दुइ अभिलेख | –रामजी तेवारी | १८३ – १८७ |
| ६. | स्थिति मल्ल | –नयराज पन्त | १८८ – १८९ |
| ७. | प्रमाण चाहियो | –नयराज पन्त | १९० – १९२ |
| ८. | पं० विष्णुहरि रिमाल र चन्द्रिकाव्याकरण | –नयराज पन्त | १९३ – १९४ |
| ९. | किन गरूँ बेफ्वाँक पढ्ने श्रम | –नयराज पन्त | १९४ |
| १०. | को हेर्छ सीमातक ? | –नयराज पन्त | १९५ |
| ११. | हाम्रो वक्तव्य | | १९६ |

# ऐ. शि. बाबुराम आचार्यले रचना गर्नुभएको नेपालको संक्षिप्त इतिहास

—देवीप्रसाद भण्डारी

[वि० सं० २००६ को भाद्रमा श्रीगुरु पं० नयराज पन्तसँग खरीदार बाबुराम आचार्य (पछि ऐतिहासिक-शिरोमणि) ले तिम्रा विद्यार्थीहरूमध्ये नेपाली शुद्ध लेख्न सक्ने एकजना लेखक खोजिदेऊ भन्नुभएको रहेछ। त्यस बेला मैले धरमथली जितपुरफेदीको पाठशालामा शिक्षकको पद पाएको थिएँ, तर सदरचाहिं भएको थिएन र म त्यसै अलमलिई रहेको थिएँ। श्रीगुरु मेरो डेरा ठँहिकन्तलामा आउनुभयो। तिमी खरीदार बाबुराम आचार्यसँग बसी काम गर्छौ भनी उहाँले मसँग सोध्नुभयो। मैले कस्तो काम हो भनी श्रीगुरुसँग सोधें। खरीदार बाबुराम आचार्यसँग बसी उहाँले भनेबमोजिम नेपालको इतिहास लेख्ने काम गर्नुपर्छ, तलब पनि पाइन्छ, नेपालको इतिहास पनि जानिन्छ भनी श्रीगुरुले भन्नुभयो। सो काम गर्न मैले मञ्जूर गरें। श्रीगुरुले लौ हिंड त भन्नुभयो। खरीदार बाबुराम आचार्य असन अन्नपूर्णास्थान-अगाडि पर्खिरहनुभएको रहेछ। मलाई अघि सारेर तपाईंले खोज्नुभएको लेखक मैले ल्याइदिएँ, यिनै हुन् भन्नुभई श्रीगुरुले खरीदार बाबुराम आचार्यसँग मलाई भेटाइदिनुभयो। खरीदार बाबुराम आचार्यले मलाई ने० भा० प्र० समितिमा लगी परीक्षा लिई भाद्र २० गतेदेखि नेपालको इतिहास लेख्ने लेखक-पदमा भर्ना गराई काम गर्न लगाउनुभयो। त्यस बेला खरीदार बाबुराम आचार्य महीना १ को तलब ५०। रु० पाउनुहुन्थ्यो, मैले चाहिं २५। रु० तलब पाउने भएँ। म भर्ना हुनुभन्दा अगाडि सो इतिहासको २।३ कापी लेखिएको रहेछ। परन्तु सो इतिहास फेरि संशोधन गरी वि. सं. को गतेलाई ईसवी संवत्‌को तारीखमा परिणत गर्ने इच्छा उहाँको रहेछ। त्यस कारण मलाई केही दिनपछि ई० सं० को तारीख हाल्न सजिलैसँग जानिने सारणी बनाउन लगाउनुभयो र इतिहास लेख्न आरम्भ गर्नुभयो। उहाँका दुवै आँखा बन्द भइसकेका हुनाले उहाँलाई उपकरणग्रन्थहरू म बाँचेर सुनाउँथें। अनि उहाँ विचार गरी बोल्न थाल्नुहुन्थ्यो, मचाहिं उहाँले बोलेअनुसार लेख्तै जान्थें। सो लेखेको फेरि बाँच भन्नुहुन्थ्यो र फेरि संशोधन गर्न लगाउनुहुन्थ्यो। यही नियमले लेख्तै गएँ।

संशोधन गरिएका सकल कापी जति ने० भा० प्र० समितिका हाकिमलाई बुझाइदिन्थें। आफूले लेखेका खेस्राहरूचाहिं सङ्ग्रह गरी राख्तथें। सो खेस्राबाट आफूलाई पढ्नाका लागि साफी गरी राख्ने

गरेको थिएँ। यसरी वि० सं० २००८ मार्ग महीनासम्म काम गर्दा श्री ५ गीर्वाणयुद्धको मृत्यु (वि० सं० १८७३) सम्म लेखिएको थियो, ग्रन्थ पूरा हुन सकेको थिएन । वि० सं० २००८ मा नैं ६० वर्ष नाघेका पुराना जागीरदारहरूलाई खारेज गर्ने नियम लागू भयो । त्यही नियमले खरीदार बाबुराम आचार्यलाई छोयो र उहाँ ने० भा० प्र० समितिमा नआई घरैं बस्नुभयो । म ने० भा० प्र० समितिमै वि० सं० २००८ चैत्र १ गतेदेखि पञ्चाङ्गको काममा स्थायी नियुक्त भएँ ।

खरीदार बाबुराम आचार्यसँग बसी लेखिएका, ने० भा० प्र० समितिका हाकिमलाई बुझाएका सकल कापीहरू अहिले कहाँ पुगेका छन्, सो कुरा मलाई थाहा छैन । आफूले सङ्ग्रह गरेका केही लेखाबाट तयार भएका बीचबीचमा छुटेर अपूरै भए तापनि उहाँको नामसहित प्रकाश गराउँदा उहाँको कीर्ति रहने र साथै लोकहित पनि हुने सम्झेकोले उहाँले लेखाउनुभएअनुसार सम्पादन गरी यहाँ जस्ताको तस्तै प्रकाश गराएको छु । स्पष्ट गरी बुझाउनुपर्ने ठाउँमा आवश्यक टिप्पणी ठाउँठाउँमा दिएको छु ।]

# नेपालको संक्षिप्त इतिहास

## पहिलो परिच्छेद

### प्राकृतिक भूगोल

१। प्रत्येक राष्ट्र वा देशका इतिहासमा उस देशका प्राकृतिक अवस्थाको असर नपरिछोड्दैन । हाम्रो देश नेपाल हिमालयका काखमा रहेको हुनाले यसका प्राकृतिक बनावटको दिग्दर्शन गराउनाका निमित्त यसको परिचय यहाँ दिनुपरेको छ । भोटको पठार र उत्तर भारतवर्षको मैदानका बीचमा जो पहाडहरू रहेका छन्, ती हिमालय कहिन्छन् । समुद्रका तहबाट भोटको पठार बाह्र तेह्र हजार फुट[1] र उत्तर भारतवर्षका मैदानको उत्तर किनारा दश बाह्र सय फुट[2] अग्लो हुनाले बीचका एघार बाह्र हजार फुट[3]का उकालामा यी पहाडहरू तीन सिलसिलामा बाँडिएर पूर्व-पश्चिम लम्बायमान भई रहेका छन् । भोटमा जोरिएका उत्तरपट्टिका सिलसिलाका पहाडहरू संसारभरका अरू पहाडभन्दा अग्ला छन् । यिनका टिप्पाहरू सधैं हिउँले ढाकिएर रहने हुनाले मुख्य हिमालय यिनै गनिन्छन् । यिनै पहाडहरूबाट हाँगा फाटेर दक्षिणपट्टिका अरू दुइ सिलसिला बनेका हुनाले यी पनि हिमालयमा गनिने गरेका छन् । माझका सिलसिलाका पहाडहरू उचाइमा मझौला र दक्षिणपट्टि तल्ला सिलसिलाका पहाडहरू ज्यादै होचा छन् । नेपालभित्र परेका माझका सिलसिलामा महाभारत र तेलिया तथा तल्ला सिलसिलामा चुरे र सिवालक मुख्य पहाड छन् ।

---

१. आठ हजार साढे आठ हजार हात । २. सात आठ सय हात । ३. सात आठ हजार हात ।

२। भोटबाट आएका र यिनै पहाडहरूबाट निस्केका नदी–नालाहरूले पहाडहरूका बीचबीचमा साना–ठूला र लामा–छोटा अनेक किसिमका ब्याँसीहरू बनाएका छन् । यी ब्याँसीहरूमा जुगानजुगदेखि मानिसको आवादी बसिआएको छ । यी तीन सिलसिलाका पहाडका उचाइअनुसार यिनका अन्तरमा रहेका ब्याँसीहरूको उचाइ पनि फरक छ । उचाइअनुसार हावापानी पनि फरक छ । मुख्य हिमालयका हिमाच्छन्न पहाडका ब्याँसीहरूको उचाइ आठ हजार फुटदेखि बाह्र हजार फुट[4]सम्म छ । यी साँगुरा ब्याँसीहरूमा ज्यादा हिउँ पर्ने हुनाले यिनलाई हिमाल भनिन्छ । माझका सिलसिलाका पहाडका बीचका केही फराक ब्याँसीहरूको उचाइ साढे चार हजार फुटदेखि साढे सात हजार फुटसम्म[5] छ । यिनलाई पहाड भन्ने चलन छ । तल्ला सिलसिलाका पहाडका ब्याँसीहरूको उचाइ बाह्र सय फुटदेखि तीन हजार फुटसम्म[6] छ । यी फराक ब्याँसीहरू मिलेर तराई कहिन्छ । यी तराईका ब्याँसीहरूमा केही चुरे वा सिवालकदेखि भित्रपट्टि र केही बाहिरपट्टि छन् । यिनलाई क्रमैसित भित्री तराई र बाहिरी तराई भन्ने चलन छ ।

३। हिमालको हावापानी अत्यन्त ठण्डा र तराईको हावापानी ज्यादै गरम हुनाले हिमालका बासिन्दालाई तराईमा बर्साद बिताउन र तराईका बासिन्दालाई हिउँदमा हिमालको ठण्डी खप्न महा-कठिन पर्दछ । पहाडखण्डको हावापानी मध्यौला र स्वास्थ्यदायक हुनाले यहाँ हिमाल र तराईका मानिससमेत बाह्रै महीना आनन्दसँग रहन सक्तछन् । यहाँका बासिन्दा पनि हिमाल वा तराईमा गएर बस्न सक्तछन् । यस तरहले पहाडखण्डले हिमाल र तराईलाई समेत गाभेर हिमालयको एकता कायम राखेको छ । यस कारणले हिमालका मुख्य मुख्य बस्ती काठमाडौं, दोर्जलिङ, सिमला, श्रीनगर आदि पहाडखण्डमा नै रहेका छन् ।

४। हिमालयको आकार तरवारको जस्तो छ । मूठपट्टि कश्मीरका पहाड र टुप्पापट्टि आसामका उत्तरपट्टिका पहाड रहेका छन् । यस तरवारका ढाडका बाह्र ठकुराइ (सिमला जिल्ला) देखि दोर्जलिङ-सम्मको लगभग सात सय माइलको[7] आधा भागको प्राकृतिक बनावट अरू भागको भन्दा फरक छ । यस विशेषताले खिचेर यस आधा भागमा धर्म भाषा आदि राष्ट्रका अनेक अङ्गको एकता गराएको छ । परन्तु राजनैतिक परिस्थितिले गर्दा यसका पनि बीचको पाँच सय पच्चीस माइलजति[8] मात्र लमाइ लिएर वर्तमान नेपाल बनेको छ । यसका उत्तर सीमानाहरू मुख्य हिमालयका भञ्ज्याङहरू छन् । प्राकृतिक सीमाना-हरू पनि यिनै हुन । तर यस सिलसिलाका गोसाइँस्थान पहाडका अगलबगलमा रहेका केरुङ र कुती भन्ने हिमालका बस्तीहरू ई० सं० १७९२ देखि[9] भोटपट्टि मिलाइएका हुनाले प्राकृतिक सीमानालाई छोडेर केही दक्षिणपट्टि नयाँ सीमाना बनाइएका छन् । ई० सं० १८१६ देखि[10] पूर्वपट्टि पहाडखण्डमा सिङलिला डाँडो र तराईपट्टि मेची भन्ने सानो नाला सीमाना कायम भएको छ । दक्षिणपट्टि प्राकृतिक

---

४. साढे पाँच हजारदेखि आठ हजार हातसम्म । ५. तीन हजारदेखि पाँच हजार हातसम्म । ६. आठ सय हातदेखि दुइ हजार हातसम्म । ७. तीन सय आठ कोसको । ८. दुइ सय एकतीस कोस जति । ९. वि. सं. १८४९ देखि । १०. वि. सं. १८७३ देखि ।

सीमाना नहुनाले चुरे र सिवालकदेखि दक्षिणपट्टि बाहिरी तराईसमेत गाभेर कृत्रिम सीमाना बनाइएको छ । ठोरी र कोइलाबास भन्ने ठाउँमा चुरेका भञ्ज्याङमा नै सीमाना जोरिन आएका छन् । यस कारणले बाहिरी तराईको चौडाइ सर्वत्र एकनासको छैन । त्यसै सालदेखि पश्चिम सीमाना महाकाली नदी बनेको छ । यी सीमानाभित्रका वर्तमान नेपाल राज्यको क्षेत्रफल चौवन्न हजार वर्ग माइल[11] र पचहत्तर लाख जनसङ्ख्या अनुमान गरिएको छ ।

५। यो देश मुख्य चार प्राकृतिक प्रान्तमा बाँडिएको छ । यी चार प्रान्तलाई किराँत, सेसाँत [ संस्कृत रूप श्लेष्मान्तक (नेपालमाहात्म्यमा) ], मगराँत र खसाँत भन्ने नाम दिइन्छ । महाभारत पहाडमा रहेका सिंधुली, उपरदाङ र दहवन यी तीन भञ्ज्याङले चार प्रान्त छुट्टयाएका छन् । सिंधुलीदेखि पूर्वपट्टिको प्रान्त किराँत कहिन्छ । हिमाल र पहाडपट्टि लिखू खोलादेखि पूर्व रहेका दूधकोशी र अरुणकोशीले हिमाल र पहाडखण्डलाई वल्लो किराँत, माझ किराँत र पल्लो किराँत भन्ने तीन भागमा छुट्ट्याएका छन् । कोशीको मुख्य धारा अरुन हो । यसमा पूर्व र पश्चिमपट्टिबाट आएका दुइ धारा तमोर र सुनकोशी महाभारतका खोंचमा मिलेर एउटै कोशी बनी तराईमा झरेको छ । यस कोशीले किराँतका तराईलाई दुइ भागमा बाँडेको हुनाले पूर्वपट्टिको भाग मोरङ र पश्चिमपट्टिको भाग सप्तरी कहिन्छ ।

६। सिंधुली र उपरदाङका बीचका महाभारतदेखि उत्तरपट्टि रहेका पहाड र हिमालका बस्तीहरू तथा दक्षिणपट्टि रहेका तराईका बस्तीहरू मिलेर सेसाँत प्रान्त बनेको छ । यस खण्डका पूर्व भागमा कोशीको सबभन्दा लामो धारा सुनकोशी भोटबाट झरेर दक्षिण मुहुडा गरी बग्दै महाभारतका फेंदीमा पुगेपछि पूर्वतिर लागेको छ । पश्चिमपट्टिको त्रिशूली पनि सिरानपट्टि भोटेकोशी कहिन्छ । तर पश्चिमपट्टिका गण्डकी नाम गरेका नदीहरू यसमा मिल्ने हुनाले यो पनि गण्डकीमा गनिने गरेको छ । यी दुइ नदीका बीचमा पहाडखण्डबाट निस्केको एक स्वतन्त्र नदी वाग्वती महाभारत पार भएर तराईमा बहेको र यसका सिरानको ब्याँसी प्राचीनकालदेखि नेपालको केन्द्रस्थल बनिरहेको हुनाले यो नदी महत्त्वपूर्ण तीर्थ बनेको छ । यसै ब्याँसीमा नेपालका मुख्य तीन शहर काठमाडौं, ललितपुर र भक्तपुर रहेका छन् । भित्री तराईमा मकवानपुर र चितवन भन्ने मुख्य बस्ती छन् । बाहिरी तराईमा मकवानपुरदेखि दक्षिणपट्टि पर्सा, बारा, रौतहट, सर्लाही र महोत्तरी भन्ने प्रसिद्ध बस्तीहरू छन् । चितौनका दक्षिणपट्टि चुरे (ठोरी) मा न सीमाना जोडिएको हुनाले यसदेखि दक्षिणपट्टिको बाहिरी तराई नेपालबाट सत्रौं शताब्दीदेखि बाहिर निक्लेर गएको छ ।

७। उपरदाङदेखि दहवनसम्मका महाभारतदेखि उत्तर र दक्षिणपट्टि रहेका बस्तीहरू मिलेर मगराँत प्रान्त बनेको छ । मुख्य हिमालयका धवलागिरि पहाडबाट जो हाँगो फाटेर दक्षिण–पश्चिम लागी सखीको लेक कहलाई महाभारतलाई भेटन पुगेको छ, त्यही हाँगो यस प्रान्तको पश्चिम सीमाना बनेको

११. दश हजार चार सय चौवन्न वर्गकोस ।

छ। त्रिशूलीदेखि पश्चिमपट्टिको मुख्य हिमालयबाट निस्केको बूढी नदी अघि गण्डी कहिन्थ्यो। यसैका नामबाट यसदेखि पश्चिमपट्टिका मर्स्याङ्दी, सेती र काली पनि गण्डकी कहिन्छन्। गण्डकीको सबभन्दा लामो धारो काली रिडीघाटसम्म दक्षिण मुख भएर त्यहाँदेखि पूर्व मुहुडा गरी देवघाटमा त्रिशूलीमा मिसिएर महाभारत लाई पार गरी एउटै गण्डकी बनेको छ। देवघाटकै आसपासमा बूढी, मर्स्याङ्दी र सेती त्रिशूलीमा मिसिन्छन्। यस काली गण्डकीका दक्षिण मुहुडाले यस प्रान्तका पहाडखण्डलाई दुइ भागमा छुट्टयाएको छ। पूर्वपट्टिका भागमा गोरखा, लमजुङ, कास्की, तनहुँ, भीरकोट आदि र पश्चिमपट्टिका भागमा पाल्पा, पर्वत, प्यूठाना आदि प्रसिद्ध बस्ती रहेका छन्। तराईमा गण्डकीका दाहिने किनारमा नवलपुर भन्ने भित्री तराईको बस्ती रहेको छ। तर यस तराईमा चुरे पहाड होचिएर मैदानमा मिलेको हुनाले नवलपुरदेखि पश्चिमपट्टिको तराईमा भित्री–बाहिरी भाग छुट्टिएको छैन। जम्मै तराई बुटवल कहिन्छ। परासी, भैरहवा, तौलिहवा र स्युराज भन्ने प्रसिद्ध बस्ती यस तराईमा रहेका छन्।

८। दहवनदेखि पश्चिमपट्टि महाकालीसम्मका महाभारत र तेलिया पहाडदेखि उत्तर–दक्षिण रहेका बस्तीहरू मिली खसाँत बनेको छ। यस प्रान्तको मुख्य नदी कर्णाली छ। पूर्वपट्टि भेरी, पश्चिमपट्टि सेती र महाकाली यसका सहायक नदी छन। सेती नदीले यस प्रान्तलाई दुइ भागमा बाँडेको छ। पूर्वपट्टिका भागमा पहाडखण्डमा सल्याना, जाजरकोट, दैलेख, अछाम र बझाङका मुख्य बस्ती छन्⊖। यिनीहरूदेखि उत्तरपट्टिको कर्णालीका मुगु र हुम्ला नामक दुइ धाराले बनाएका बस्तीहरू मिलेर हिमालमा बनेको जुम्लाप्रदेश पनि पूर्व भागमा गनिन्छ। सेतीदेखि पश्चिमपट्टिको हिमाल र पहाडखण्ड डोटी कहिन्छ। सिलगढी, डँडेलधुरा र बैतडी भन्ने मुख्य बस्तीहरू यस भागमा रहेका छन्। तराईपट्टि पूर्व भागमा सिवालक (कोइलाबास) मा नै सीमाना जोडिन आएको हुनाले त्यसपट्टि दाङ र देउखुरी भन्ने भित्री तराई मात्र नेपालपट्टि रही बाहिरी तराई छुट्न गएको छ। यस भित्री तराईमा जङ्गल भरिएको हुनाले आबादी ज्यादै नै कम छ। पश्चिम भागका बाहिरी तराईमा बाँके, बँदिया, कैलाली र कञ्चनपुरका प्रसिद्ध बस्तीहरू छन्। बाँके आदि जिल्लाका नाम पनि हुन्। पछिल्ला दुइ जिल्ला कम आबाद छन्।

⊖ सेतीका पश्चिम किनाराको बझाङ पूर्व भागमा र पूर्वपट्टिका किनाराको चौकी गर्खा पश्चिम भागमा गाभिएको हुनाले यस गर्खाको सिलगढीनामक बस्ती डोटीपट्टि पर्न गएको छ।

९। नेपालका पूर्व सीमानादेखि पश्चिम सीमानासम्म पहाडखण्डमा र बाहिरी तराईमा पूर्व-पश्चिम लमाइ भएका अनेक मूल बाटाहरू बनेका छन्। नेपालका प्रत्येक प्रान्तका बासिन्दालाई व्यापारका निमित्त आफ्ना देशका अरू प्रान्तमा भन्दा भोटका चसङ र ङरी प्रान्तमा तथा उत्तर भारतवर्षका बिहार र संयुक्त प्रान्तहरूमा आवतजावत गर्न ज्यादा आवश्यक पर्दछ। भोटपट्टि जानालाई मुख्य हिमालयका दुर्गम पहाड नाघ्नाका निमित्त भोटबाट आएका नदीहरूको सहारा लिनु आवश्यक छ। यिनै नदीका किनारका तल लेखिएका घाटाहरूबाट आवतजावत गर्ने मूल घाटा खुलेका छन्। मुख्य हिमालयबाटै निस्केका नदीका सिरानहरूबाट नून बोक्ने भरियाहरूले जो दुर्गम घाटा खोलेका छन्, तिनको चर्चा यहाँ गरेर साध्य छैन।

(क) किराँतमा भोटबाट आएको नदी अरुन मात्र हुनाले यसका सिरानमा एक ठूलो घाटो खुलेको छ। यसका सिरानमा भोटपट्टि खारताङ भन्ने बस्ती रहेको हुनाले खारताङको घाटो भन्ने चलन छ। नेपालपट्टि दोसाँधनेर यस नदीका किनारामा हटिया भन्ने बस्ती रहेको हुनाले हटियाको घाटो भन्ने पनि चलन छ।

(ख) सेसाँतमा तीन मुख्य घाटा छन्। तामाकोसीका किनारबाट जाने बाटामा भोटपट्टि फलाक भन्ने बस्ती रहेको हुनाले यसलाई फलाकको घाटो भन्ने चलन छ। यतैबाट हुने व्यापारका आधारमा दोलखा शहर बसेको छ। सुनकोसीका किनारको कुतीको घाटो र त्रिशूलीका किनारको केरुङको घाटो विशेष चलतीका छन्। नेपालका राजधानीका व्यापारीहरू यिनै दुइ घाटाको व्यवहार गर्दछन्।

(ग) मगराँतमा कालीगण्डकीका सिरानका मुस्ताङ भन्ने बस्तीबाट गएको एउटै घाटो मात्र मुख्य छ। तर घोडाको सवारी चल्न कठिन हुनाले ज्यादा चलतीको छैन।

(घ) खसाँतमा हुम्ला कर्णालीका किनारबाट गएको बाटो यारीभञ्ज्याङमा पुगेर भोटपट्टिका ताकलाखार भन्ने प्रसिद्ध बस्तीमा पुग्दछ। यस कारणले यस घाटालाई हुम्लाको घाटो भन्ने चलन छ।

पहाडखण्ड र तराईका बीचको साँध भएका महाभारत र तेलिया पहाडहरू दुर्गम छैनन्। तैपनि सुविस्ताका निमित्त यी पहाडका पनि मुख्य मुख्य भञ्ज्याङहरू माथि लेखिएका घाटासँग सम्बन्ध राखेर खुलेका छन्। जस्तो हटिया घाटासँग सम्बन्ध राख्ने अरुनकै किनारको सागुरीभञ्ज्याङ किराँत-प्रदेशमा छ। फलाक र कुतीका घाटासँग सम्बन्ध राख्ने सिधुलीभञ्ज्याङ र केरुङका घाटोसँग सम्बन्ध राख्ने उपरदाङ सेसाँतप्रदेशमा छन्। मुस्ताङको घाटासँग सम्बन्ध राख्ने नुवाकोटगढी मगराँत-प्रान्तमा छ। हुम्लाका घाटोसँग सम्बन्ध राख्ने मालिकाभञ्ज्याङ र रातीमत्ताभञ्ज्याङ सँगसँगै पूर्व खसाँतमा छन्। पश्चिम खसाँतबाट यी भञ्ज्याङ टाढा पर्ने हुनाले जोरायल र सतकट्टा भन्ने अरू दुइ भञ्ज्याङ खोलिएका छन्। नेपालका राजधानीबाट महाभारत पार गर्ने भञ्ज्याङ वाग्वतीका किनारमा छ। तर पछि निगालेको भञ्ज्याङ (चिसापानीगढी) खोलिएको हुनाले वाग्वतीका किनारको भञ्ज्याङ बेचलतीको हुन आएको छ। यिनै भञ्ज्याङहरूबाट गएका बाटाले बाहिरी तराईमा गएर चुरे र सिवालकलाई छिचोलेका छन्।

१०। नेपालमा सुन र चाँदीका खानि देखिएका छैनन्। तर मुख्य हिमालयबाट आएका नदीहरूका बालुवा धुँदा थोरबहुत सुन पाइन्छ। तामा, फलाम, सीसा, राङका खानि पहाडखण्डमा जतातत्तै छन्। सुबेदा भन्ने बहुमूल्य धातुको खानि मगराँत प्रान्तमा छ। सर्वत्र जङ्गल प्रशस्त हुनाले अग्राख, सिसौ आदि मजबूत काठ र हजारौं किसिमका जरीबूटीहरू यहाँ पाइन्छन्। हिमालमा जुम्लापट्टि मात्र थोर-बहुत धान पैदा हुन्छ। अन्यत्र र त्यहाँ पनि उवा, जौ करु आदि अनाज थोरै मात्रामा पैदा हुने भए तापनि चौंरी र भेंडाको मासुले जीवनवृत्ति चलदछ। भेंडाको ऊनले कपासको काम पूरा दिन्छ। कस्तूरी यहीं हुने हुनाले यसको र चौंरीका पुच्छरको निकासी पनि हुन्छ। पहाडखण्डमा जातजातका

जनावर, अनाज, तेल पैदा गर्ने वस्तु, फलफूल, रसिला कन्दमूल, पाट र कपास पनि प्रशस्त हुन सक्छन्। तराईमा खानि छैनन। तर धान र अरू अनाजको उब्जनी ज्यादा हुने हुनाले त्यस कमीलाई पूरा गरिदिन्छ। जीवनवृत्तिका निमित्त चाहिने सारा सामान आफ्नै देशमा तयार हुने हुनाले यहाँका बासिन्दालाई जीवनयात्रा चलाउनालाई अरू देशको मुख ताक्नुपर्दैन।

## दोस्रो परिच्छेद

## नेपाली जनता र भाषा

१। नेपाली जनतामा मुख्य आर्य र आग्नेयदेशी दुइ नस्ल रहेका छन्। आर्यमा पनि दुइ शाखाका मानिस छन्। आग्नेयदेशी जनतामा भोट–बर्माली नस्ल पनि मिसिएको देखिन्छ। आर्यहरूका वर्णभेद वा वा जातिभेदको प्रभाव परी आग्नेयदेशी जनसमुदाय पनि अनेक जातमा बाँडिएको हुनाले चार वर्ण छत्तीस जात भन्ने टुक्का प्रसिद्ध भइरहेको छ। चार वर्ण भनेर आर्यजातिका ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्रलाई लिएको होला। व्यवहारमा छत्तीस जातका बदलामा सय भन्दा बढी जात देखिन्छन्, जो बिहाबारी र खानपानमा अलग अलग रहन्छन्। भाषाको पनि यही चाल छ। पौने एक करोड जनतामा चालीसभन्दा बढी बोली व्यवहार गरिन्छन्। यिनमा मुख्य मुख्य जात र तिनका बोलीहरूको परिचय यहाँ दिइन्छ।

२। पहाडखण्डमा सर्वत्र दुइ थरी ब्राह्मण रहेका छन्। यिनमा माथिल्ला श्रेणीमा रहने उपाध्याय र तल्ला श्रेणीमा रहने जैसी कहिन्छन्। क्षत्रिय पनि दुइ थरी छन्। मध्ययुगमा राज्य गर्ने राजाका सन्तानहरू रजपूत र प्राचीन युगका क्षत्रियका सन्तान सामान्य क्षत्री कहिन्छन्। उपाध्याय जस्तै रजपूत पनि सामान्य क्षत्रीभन्दा माथिल्ला श्रेणीमा रहेका छन्। खसहरू खसाँतमा मात्र रहेका छन्। यिनीहरूका आवादीमा आएर माथि लेखिएका जैसी र क्षत्री बसेका हुनाले पछि आउने ब्राह्मण र रजपूतहरूले ब्राह्मणलाई खस बाहुन भन्ने र क्षत्रीलाई खस क्षत्री भन्ने नाम राखेका थिए। जैसी भन्ने उपनाम पछि मात्र लिएका हुन्। यी ब्राह्मण क्षत्रिय र खससमेत आर्यनस्लका हुनाले आर्यभाषाका बोलीहरू व्यवहार गर्दछन्। ठाउँका भेदले गर्दा बोली पनि केही फरक छन्। डोटीको डोट्याली छ। पूर्व खसाँतमा ६ थरी पुर्विया बोली छन्। अन्यत्र पर्वतिया बोली व्यवहार हुन्छ, जो अब राष्ट्रभाषा बनेर नेपाली कहिन्छ।

३। तराईमा पनि माथि लेखिएका पहाडिया ब्राह्मण र क्षत्रीहरू थोरबहुत आबाद भएका छन्। तर धेरै ब्राह्मण र क्षत्रीहरू मधेस⟡पट्टिबाट आएर आवाद भइरहेका छन्। यी ब्राह्मणहरूमा पनि उपाध्याय र जैसी जस्तै दुइ श्रेणी छन्। माथिल्ला श्रेणीका दुइ वर्ग छन्। वाग्वती नदीदेखि पूर्वपट्टि मैथिल वर्गका र पश्चिमपट्टि सरवरिया वर्गका ब्राह्मण छन्। तल्ला श्रेणीमा रहेका भूमिहार ब्राह्मण तराईमा सर्वत्र पाइन्छन्। मधेसबाट बसाइँ आएका सबै क्षत्रिय रजपूत कहिन्छन्। यिनमा सप्तरीमा रहेका दनुवार रजपूतहरू आफ्नो मूलघर कर्णाटक बताउँछन्।

⟡ पहिला शताब्दीतिर गङ्गाजमुनाका किनारको प्रयागसम्मको मैदानप्रदेश मध्यदेश कहिन्थ्यो। अवध र विहारको मैदानप्रदेश पनि उस्तै देखेर नेपालीहरूले मध्यदेशमा गन्ने गरेको देखिन्छ। मध्यदेशको विकसित रूप मधेस स्पष्ट छ।

प्राचीन वृजि वा बज्जि जातिको निधार बाजी भन्ने जनसमुदाय नेपाल तराईमा [जोरिएका मधेसपट्टि पनि] रहेको छ। हुनता त्यहाँका थारूहरू त्यहाँ रहने ब्राह्मण क्षत्रियहरूलाई पनि बाजी भन्दछन्। तर यिनीहरूको पुराना वृजि जातिसँग सम्बन्ध देखिँदैन। बाजीहरूमा मुख्य कुर्मी जात छ। जो आफूलाई पुरानो क्षत्रिय जातिको सन्तान हुँ भन्ने दावा गर्दछ⊙। यस समुदायका अरू जातमा धानुक, कोइरी, केवट, अमात, बीन आदि छन्। कायस्थ र अहीर पनि पछि बाजीमा मिसिएका देखिन्छन्। माथि लेखिएका मधिसे ब्राह्मण र क्षत्रिय आर्यनस्लका हुनाले र बाजीहरूमा पनि आर्यनस्लको अंश ज्यादा रहेको हुनाले यिनीहरू आर्यभाषाका बोलीहरू बोल्दछन्। स्थानभेदले गर्दा वाग्वतीपूर्वका मैथिली वाग्वतीदेखि बुटवलसम्मका भोजपुरी र त्यहाँदेखि पश्चिमपट्टिका जति अवधी बोली व्यवहार गर्दछन्।

⊙ वृजिमा लिच्छविक्षत्रिय पनि थिए। मनुस्मृतिमा लिच्छवि र खसलाई व्रतबन्ध नभएका क्षत्रियका सन्तान बताएको छ।

४। नेपालका केन्द्रस्थलमा अर्थात् राजधानीका आसपासमा रहेको एक जनसमुदाय नेवार कहिन्छ। यस समुदायमा सरबरिया र मैथिल ब्राह्मण पछि आएर मिलेका हुनाले आफूलाई नेवार कहन चाँहदैनन्। पछि आएका मल्ल रजपूतहरू पनि यस समुदायमा मिलेका छन्। यिनीहरू पनि आफूलाई नेवार भन्नामा सङ्कोच देखाउँछन्। अरू नेवारमा भारो र भावो भन्ने मुख्य दुइ वर्ग छन्। भावोमा मुख्य धान्यकृषक छन्। भारोहरूले आफूलाई श्रेष्ठ भन्ने उच्च पदवी लिएर☐ यी धान्यकृषकहरूलाई ज्यापू (धानको काम गर्ने) भन्ने होचो पदवी दिएका छन्। माटाका शिल्पको काम गर्ने कुह्माल ता ज्यापूसँग टम्म मिलेका छन्। धातु र काठका कालिगड बाँडा र उदास ज्यापूभन्दा माथिल्ला श्रेणीमा र साना साना शिल्पको काम गर्ने गठ (माली) कौ (लोहकार) आदि तल्ला श्रेणीमा रहेका छन्। यी सबै नेवारहरूका शरीरको बनावटमा आर्य नस्लका लक्षण ज्यादा पाइन्छन्[१]। तर यिनीहरूको मातृभाषा नेवारी भोट–बर्माली भाषापरिवारको एउटा सानो बोली ठहरिएको छ।

☐ सनातन धर्म मान्ने भारोहरूले मात्र यो पदवी लिएका छन्, बौद्ध धर्म मान्नेहरूले लिएका छैनन्।

(४) उहिले बौद्ध मठ (बहाल) मा रहेर ब्रह्मचर्यको पालना गरी तपस्या गर्नेहरू बाँडा र बँडिनी कहिन्थे। यिनमा भोटिया वा मूर्मी आदि पनि मिसिन सक्तथे। यिनका व्यभिचारबाट पैदा भएका बँडिनीहरू गुभाजूले लिने र बाँडाहरूका सन्तान उदासमा मिल्ने हुनाले यी तीन थरीका रङ्गरूपमा मङ्गोलक लक्षण पनि पाइन्छ।

५। मगराँतका पहाडखण्डका दक्षिण भागमा मगर जातको आबादी रहेको छ। महाभारतका डाँडाका अगलबगलमा पूर्वपट्टि कोसी नदीसम्म पनि यो आबादी सुर्की परेर गएको छ। यिनीहरूका शरीरका बनावटमा मङ्गोलक लक्षण पूरा पाइन्छ। भोट–बर्माली परिवारको एक बोली यिनीहरूको मातृभाषा छ।

६। मगराँत प्रान्तका उत्तर भागमा गुरुङ, सेसाँतका हिमालमा स्यार्पा र यसै प्रान्तका पहाडखण्डमा मूर्मी यी तीन जात आबाद भइरहेका छन्। मर्स्याङ्दीका किनारामा दुरानामक एक सानो जनसमुदाय रहेको छ, जो गुरुङबाट पछि छुट्टिएको देखिन्छ। यी चारै थरीले भोटबाट बौद्धधर्म लिएका हुनाले लामा पुरोहित मान्ने र भोटिया वर्षगणना व्यवहार गर्ने गर्दछन्। यी चारै समुदायका मानिसका रङ्गरूपमा मङ्गोलक लक्षण देखिन्छन्। तर गुरुङहरूमा आर्य–रक्त मिलेको हुनाले मङ्गोलक लक्षणहरू कम भएका छन्। स्यार्पाहरूमा मङ्गोलक लक्षण भरपूर पाइन्छ। यी चारै समुदायका अलगअलग बोलीहरू भोट-बर्माली भाषापरिवारका छन्।

७। सेसाँतका पूर्व भागमा पहाड र भित्री तराईमा समेत थामी जातको आबादी फैलिएको छ। तामाकोसीपारका खुमती खोलाका व्याँसीमा सुनुवार जातको सानो बस्ती रहेको छ। थामीहरू आफूलाई सुनुवारमा गन्न चाहन्छन्। तर सुनुवारहरू थामीलाई नीच सम्झन्छन्। यिनीहरू आग्नेयदेशी भाषापरिवारको एक बोली बोलदछन्। एक सय वर्षपहिलेसम्म सुनुवारहरूको बोली आग्नेयदेशी भाषाका लक्षणले भरिएको थियो। अचेल भोट–बर्माली भाषाका रूपमा ढालिन आएको छ।

८। वल्ला किराँतमा ह्वायू भन्ने एक सानो जात रहेको छ। वल्ला किराँतमा र माझ किराँतमा खम्बू भन्ने जातका अनेक दल रहेका छन्। यिनीहरूको चौरासे भन्ने एक दल पल्लो किराँतमा पनि रहेको छ। बाँकी पल्लो किराँतका उत्तर भागमा याखा र दक्षिण भागमा याकथुम्बा तथा मोरङ तराईमा धिमाल भन्ने एकै किसिमका जात रहेका छन्। खम्बू र याकथुम्बासमेत उहिले राय कहिन्थे। अचेल खम्बू मात्र राई कहिन्छन्। याकथुम्बाहरू लिम्बू कहिन लागेका छन्। यी दुइ थरी आफूलाई समान श्रेणीमा राखी याखालाई होच्याउँछन्। ह्वायूहरू आफूलाई खम्बूमा गन्न चाहन्छन्। तर यिनलाई उनीहरू नीच मान्दछन्। ह्वायू र धिमाल हीन अवस्थामा छन्। यी पाँचै थरीका रङ्गरूपमा मङ्गोलक लक्षण मौजूद छन्। खम्बूका भिन्नभिन्न दलका उन्नाइस बीस बोली र बाँकी चार थरीका एक एक बोली छन्। यी सबै बोली आग्नेयदेशी भाषापरिवारका छन्। खम्बू जातको जनसङ्ख्या दुइ लाखभन्दा बढी होओइन। त्यतिमा पनि एउटा बोली बोल्नेले अर्को बोली नजान्ने किसिमका उन्नाइस बीस बोलीहरू हुनु अनौठा कुरो छ।

९। महाकालीदेखि कोसीसम्मका तराईमा थारू भन्ने एक जात रहेको छ। खसाँतका तराईमा रहेका थारूहरू राना र दङोरिया भन्ने दुइ वर्गमा बाँडिएका छन्। रानाको आबादी कञ्चनपुर जिल्लामा छ। दङोरियाको मूल घर दाङ हो। त्यताबाट कैलाली जिल्लामा र पूर्वपट्टि बुटवलमा पनि यी आबाद भएका छन्। बुटवलमा कठेरिया थरका थारूहरूको पनि आबादी छ। तर यी दुइ थरीका चालचलन र खेतीगराइमा प्रशस्त अन्तर छ। चितवनमा चितौनी थारूको आबादी छ। पर्सामा मल-पुछवा थरका थारू र बारामा कुचिला थारू रहेका छन्। यी कुचिलाहरूका बस्ती पूर्वतिर मोरङसम्म पुगेका छन्। तर बीचबीचमा अरू थरका थारू पनि छन्। मोरङका पूर्व भागमा मेचे भन्ने जातको सानो जमात रहेको छ। यिनका रङ्गरूपमा मङ्गोलक लक्षण मौजूद छन्। मेचे भोट-बर्मोली भाषाको एक क्षुद्र बोली बोल्दछ। थारू जाति आफू रहेका ठाउँका बाजीहरूका बोली व्यवहार गर्छन्। मोरङमा राजवंशी भन्ने एक जात रहेको छ। यसका पनि रङ्गरूपमा मङ्गोलक लक्षण देखिन्छ, तर बङ्गाली बोलीको एक भ्रष्ट रूप व्यवहार गर्दछ। कूचबिहारबाट आएको कोच जातको यो सानो शाखा हो। यसका शाखा गनगाईं र ताजपरी जात पनि त्यहीं रहेका छन्।

१०। डोटीका व्यासहिमालमा साउको भन्ने एक जात र पर्वतका थाकहिमालमा थकाली भन्ने अर्को जात रहेको छ। यी दुवै थरी नून र ऊनका व्यापारी हुनाले धनी हुन्छन्। दङाली भन्ने यस्तै नून र ऊनको व्यापारी जात खसाँतमा डुलिरहन्छ। बर्सादमा मात्र पालभित्र एक ठाउँमा मुकाम गर्दछ। यसै प्रान्तमा राउत भन्ने एक जात जङ्गली कन्दमूल र पशु-पक्षीका शिकारका भरमा जङ्गलै जङ्गल डुलिरहन्छ। ज्यादा शिकार बानरको गर्दछ। मगराँतमा यस्तै कुसुण्डो भन्ने जङ्गली जात रहेको छ। राउत काठको कर्मी काम गरी बस्तीमा आएर ज्याला मजुरी लिन्छ। कुसुण्डो त माग्नाका निमित्त मात्र बस्तीमा आउँदछ। सेसाँतमा चेपाङ भन्ने अर्धजङ्गली जात रहेको छ। थोरबहुत पाखाको खेती गर्दछ। शीतवारणलाई कपडाको भन्दा आगाको उपयोग ज्यादा गर्दछ। मगराँतमा बरामू भन्ने जात रहेको छ, जो ह्वायू जस्तै हीन अवस्थामा छ। यस्तै अवस्थाका रगुवा रुवानी आदि साना जमातका जातहरू पनि मगराँतमा पाइन्छन्। यी सबैका रङ्गरूपमा मङ्गोलक लक्षण पाइन्छ। यी जातहरू आग्नेयदेशी भाषा-परिवारसँग सम्बन्ध राख्ने एक एक बोली बोलदछन्। जनसङ्ख्या गणना गर्दा दङाली, राउत र कुसुण्डा जातको घर नहुने हुनाले गन्ती भएके छैन। अरू फुटकर जातको पनि जनसङ्ख्या बहुतै कम छ।

११। गृहस्थी छोडेर संन्यासी भई पछि बिग्रेर भएका गृहस्थीहरूका सन्तानबाट संन्यासी, यस्तै किसिमबाट बाँडा र उदास तथा पार भएका दासका सन्तानबाट घर्ती भन्ने जात बनेका छन्। अछूत जात धेरै छन्। तराईका तेली, कलवार, सुडी र धोबी तथा नेवारवर्गका कसाईं र कुसले माथिल्ला श्रेणीमा छन्। धर्म बदलेर इस्लाम धर्म लिने मानिसको जमात मिलेर मुसलमान जात बनेको छ। यो पनि माथिल्ला श्रेणीका अछूतमा गनिन्छ। मझौला श्रेणीमा रहेका अछूतमा तराईका मुसहर, बातर र धाँगर छन्। पहाडका दमाई, सार्की, कामी आदि नेवारवर्गका पोडे र च्यामे तथा तराईका डुम, दुसाध आदि जात तल्ला श्रेणीका अछूतमा गनिन्छन्। घर्ती जति नेपाली भाषा र बाँडा, उदास,

कसाई, कुसले, पोडे र च्यामे नेवारी भाषा बोल्दछन् । तराईका मुसहर आदि मझ्यौला र तल्लो श्रेणीमा रहेका अछूतहरू आफू रहेका ठाउँका बाजीहरूका बोली बोल्दछन् । तर जातैपिच्छे लय फरक हुनाले बाजीहरूका बोलीमा र यिनका बोलीमा स्पष्ट अन्तर पाइन्छ । तेली आदि माथिल्ला श्रेणीमा रहेका जातहरू भने बाजीहरूकै बोली शुद्ध रूपले व्यवहार गर्दछन् । यिनीहरूका रङ्गरूपमा आर्य लक्षण ज्यादा पाइन्छ । मुसहर आदि मझ्यौला श्रेणीका अछूतमा भारतका आग्नेयदेशी जातिको रङ्गरूप पाइन्छ । तल्ला श्रेणीका अछूतहरूमा नस्लहरूको मिसावट ज्यादा हुनाले छुट्याउन असम्भव छ ।

--

(अरू पछि)

# गोपालराजवंशावली र भाषावंशावलीको साधर्म्यका केही उदाहरण

—महेशराज पन्त

नेपालको इतिहासको खोजी गर्न बेलायतका संस्कृतज्ञ सेसिल बेन्डाल र बङ्गाली संस्कृतज्ञ हरप्रसाद शास्त्री वि० सं० १९५५ मा नेपाल आएका थिए[1] । यही अन्वेषणक्रममा कलियुगदेखि[2] करा

१. परिशिष्ट ।

२. गोपालराजवंशावलीको पाइएको प्रतिको उठान यस्तो छ––

स्वस्ति संव्रद्धते देहः स्वक्षेमे कालप्रेरिणम् ।
विकल्पपापवृज्जं नो क्षमायुश्च प्रशीदतिः ।।

कर्म्मेण प्रवर्त्तमानः कलियुगे । समस्तसरभूपालो मौलिपालश्च श्चरणाम्बुजस्य राज्यम् ।।

(१७ क पत्र । योगी नरहरिनाथद्वारा हिमवत्संस्कृति १ अङ्कका ९–२५ पृष्ठमा र पछि डिल्लीरमण रेग्मीको मेडिईभल् नेपाल् (नेपालको मध्यकालको इतिहास) को तेस्रो भागको पहिलो खण्डका ११२-१५७ पृष्ठमा सम्पूर्ण गोपालराजवंशावली छापिएको छ । गोपालराजवंशावलीको माथिको पाठ र यो लेखमा अन्यत्र दिइएका पाठ रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्यले केसरपुस्तकालयमा रहेको गोपालराजवंशावलीको तसवीर खिचिराखेको प्रतिबाट वि० सं० २०१६ मा पढेअनुसारका छन् ।)

उठाएर वि० सं० १४४५ सम्मका[3] घटनाको बयान गरी भ्रष्ट संस्कृत र तात्कालिक नेवारी भाषामा रचिएको, भुजिमोल लिपिमा ताडपत्रमा लेखिएको पुस्तक बेन्डालले वीरपुस्तकालयमा भेट्टाए। बेन्डालले यसका विषय र शैलीका आधारमा यस ग्रन्थलाई तीन भागमा छुट्ट्याई तिनको नाम क्रमशः पहिलो वंशावली, दोस्रो वंशावली तथा तेस्रो वंशावली राखे[4]। आफूले तयार गरेको वि० सं० १०५७ देखि १६५७ सम्मको नेपालको इतिहासमा बेन्डालले यो वंशावलीको पनि आफूले बुझे जति भागको उपयोग गरी सो इतिहास वि० सं० १९६० मा बङ्गालको एशियाटिक सोसाइटी (एशियासम्बन्धी संस्था) को पत्रिकामा प्रकाश गराए[5]। त्यसपछि नेपालको इतिहासका अन्वेषकहरूको दृष्टि यस वंशावलीमा पर्न गयो। यस वंशावलीमा पहिलो राजवंशको रूपमा गोपालवंशको वर्णन गरिएकोले यस वंशावलीले गोपालराजवंशावली भन्ने नाउँ पनि पाएको छ। हामीले पनि यस वंशावलीलाई गोपालराजवंशावली नै भन्ने गरेका छौं।

सृष्टिदेखि[6] शुरू गरेर नेपालको इतिहासका घटनाको बयान गरी नेपाली भाषामा लेखिएको

---

३. गोपालराजवंशावलीमा बयान गरिएको अन्तिम घटना वि० सं० १४४५ को छ––

**स ५०९ चेत्रशुद्धि १२ थव वपी फुप तेजपतिजुस खतकाय थवसालवदकतास, आयत मदो भारप मा काय ज्वोङ हस्य ढिङता, सास्ति याङा सतंङ आसखोह्लन छोङ, लिछोस्यं स्याचका द्विजराजजुटो तिरीपुरुसस्यम् उपाध्याजुटो खोयकम् थ्वया प्राश्चित्त लु प्ल १८ कास्यं ब्यजोका थ्व पातकन कुञ्चिनथिव ॥ ॥**

(५८ क पत्र)

४. परिशिष्ट।

५. सेसिल बेन्डालको द हिस्टरि अफ् नेपाल् यान्ड् सराउन्ड्इङ किङडम्ज् (१०००-१६०० ए. डी.) (वि. सं. १०५७ देखि १६५७ सम्मको नेपाल र वरपरका अधिराज्यको इतिहास) नाउँको निबन्ध जर्नल् अफ् एशियाट्इक् ससाइइटि अफ् बेन्गल् (एशियासम्बन्धी बङ्गालको संस्थाको पत्रिका) को वि० सं. १९६० मा छापिएको ७२ वर्ष १–२ अङ्कका १-३२ पृष्ठमा छापिएको छ। बेन्डालको यही लेख पछि वि० सं० १९६२ मा छापिएको हरप्रसाद शास्त्रीको अ क्याट्अलग् अफ् पाम्-लीफ् यान्ड् सिलेक्ट्इड् पेपर् म्यान्युस्क्रिप्ट्स् बिलङइङ ट द डर्बार् लाइब्ररि नेपाल् (नेपाल राजकीय पुस्तकालयमा रहेका ताडपत्रमा लेखिएका पुस्तक र कागतमा लेखिएका छनौट पुस्तकहरूको सूचीपत्र) को पहिलो भागमा हिस्टर्इकल् इन्ट्रडक्शन् (ऐतिहासिक उपोद्घात) भन्ने नाउँ राखी छपाइएको छ।

६. भाषावंशावलीको उठान यसरी गरिएको छ––

श्रीगणेशाय नमः

पुस्तक वंशावली भन्ने नाउँले प्रसिद्ध छ । धेरै बाजि[7] प्रतिसंस्कार भएको यो पुस्तकको कुनै कुनै प्रतिमा

गुरुं गणपतिं दुर्गां बटुकं शिवमच्युतम्
ब्रह्माणं गिरिजां लक्ष्मीं वाणीं वन्दे विभूतये ।।
अनाद्यायाखिलाद्याय मायिने गतमायिने
अरूपाय स्वरूपाय शिवाय गुरवे नमः ।।

अथ नेपाले देव-प्रादुर्भावो राजभोगमालायां यथाक्रमेण वर्तमानविधौ सकलदुःखार्तजनैः श्रुतायां सत्यां नराणां पापानां हरणहेतुकारणम् । तस्माद् ब्राह्मणाधिकारिजनस्य मुखात् सकलचतुर्वर्णश्रोतृसमुच्चयो भवति । योग्यनित्यं विद्विषं कलौ कृत्वा नाशयति । ये चाश्रद्धया कुर्वन्ति तेभ्यः जनेभ्यः दुर्गतिः प्राप्नोति । भक्तिभावेन ये शृण्वन्त्यथ वा ये पठन्ति गङ्गादितीर्थस्नानसमफलं प्राप्नुयुर्दिने दिने । स्मरणेन सकलतीर्थदेव-राजमालावंशावलीसङ्ग्रहं कुर्यात् । गणपतिं गुरुचरणारविन्दं स्मृत्वा सर्वेषां जनानां मिलित्वा श्रोतुं योग्यम् ।

आदौ नेपाले सकलशास्त्रप्रसिद्धादादियुगात् श्रीपशुपतिनाथ विराजमान भयाका छन् । संक्षेपले गरी आदिदेखिको वर्णन कहिन्छ ।

अव्यक्तेषु भवेत् सृष्टिर्व्यक्तं चैव विनश्यति
अव्यक्तं ब्रह्म तज्ज्ञानं सृष्टिसंहारवर्जितम् ।।

अव्यक्तदेखि सृष्टि हुन्छ । व्यक्त भयाका जो छन् । तिनको नष्ट हुन्छ । अव्यक्त भन्नु तत्त्वज्ञान हो । सृष्टिसंहारदेखि वर्जित भयाका एकै ब्रह्म सत्य हुन् । तिनै परम ब्रह्मदेखि कारिणी भयाकी प्रकृतिमायाको प्रकाश हुँदा महत्तत्त्वको उदय भयो । महत्तत्त्वबाट त्रिगुणको प्रकाश भै आकाशको प्रकाश हुँदा वायुको उत्पत्ति भै वायुबाट तेजको उत्पत्ति भयो । तेजदेखि जलको उत्पत्ति भयो । जलदेखि पृथ्वीको उत्पत्ति भयो । एकै पृथ्वीमा ब्रह्मा विष्णु महेश्वर तीन देवताहरू सृष्टि स्थिति संहारकर्ता हुँदा भया । सृष्टिकर्ता ब्रह्माबाट सृजना गन्याका पृथ्वीका प्रमाण पञ्चाशत् कोटि योजन विस्तारमध्ये सुमेरु पर्वत चौरासी सहस्र योजन उच्चा भयाका सोह्र सहस्र योजन पृथ्वीमा गाडिरह्याका बीस हजार योजन उपर विस्तार भयाका पद्माकार भयाका पृथ्वीमा अष्टशृङ्ग आदि नाना पर्वतहरू रह्याका छन् ।

(नयनाथ पौडेलद्वारा सम्पादित, श्री ५ को सरकार पुरातत्त्वविभाग नेपाल राष्ट्रिय पुस्तकालयद्वारा प्रकाशित भाषावंशावलीको पहिलो भागको १ पृष्ठ ।)

७. नेपाली भाषाको वंशावलीको रचना पहिले कसले गऱ्यो भन्ने कुरा हामीलाई थाहा छैन । न त कुन कुन समयमा ककसले यसको प्रतिसंस्कार गरे भन्ने कुरा नै हामीलाई थाहा छ । लेखेको समयसमेत दिई तयार गरिएका संस्करणमध्ये वि० सं० १८९१ मा सिद्धिनारायणले तयार गरेको संस्करण हामीलाई थाहा भएअनुसार सबभन्दा पुरानो हो । यो संस्करण हामीले आजसम्म देख्न पाएका छैनौं तापनि सिल्भाँ लेभीले दिएको यसको बयानअनुसार यसको विषयमा केही कुरा बुझिन्छ । लेभीले दिएको यसको बयान

यस प्रकारको छ––

ओकें दे मानूस्की दे ला वंशावली, ना अँकर् एत् देकी । ¥३सी ला देसूकीपूस्यों दु मानूस्की दे ला वंशावली ब्रामनिक् कि मा कमूनीके सों एक्सीलाँस् देव् शम् शेर् :
मानूस्की दे ८३ फेये रेऊनी एँ लीभ्र । ०,२७×०,१५; ओ १० लीने आ ला पाळ् । काराकृतेर् देवनागरी । सूर् ला कूभेर्तूर्, ईमाक् पेन्त् · · · · दे "स्वयम्भू, पशुपति, श्री वच्छलेश्वरी, दक्षिण–श्मशान, श्री वाग्मती, गंगामाता, अश्वत्थ–संयुक्त–श्वेत–विनायक, राजा धर्मदत्त, कल्पवृक्ष ।"

इनूसिप्. श्रीगणेशाय नमः ।

अविरलमदजलनिवहं भ्रमरकुलानेकसेवितकपोलम् ।
अभिमतफलदातारं कामेशं गणपति वन्दे ॥

अथ नैपालिके देवान् प्रादुर्भाव राजभोगमाला, यथाक्रमेण वर्तमान. विग्रौ सकलदुःखार्तजनानां नरेभ्यः श्रृण्वन्ते सति पापानां हरनं हेतुकारणात् · · · · दिने दिने स्मरणेन सकलतीर्थदेवराजमाला वंशावली-संग्रहं कुर्यात् .
ईसूत्वर् दीभेन् कूस्क्'आ विक्रमाजित कम् दाँ राइट् ।
अथ नरराजमाला ।
[ केल्के भेर् एन् साँस्क्रि । प्वी ]—
नीलकण्ठप्रकाशक्रमेण वर्तमानेन कलियुगभूपालसमस्तमालिकाचरणाम्बुजस्य राज्य श्रीमत्पृथ्वीराज्ञो हिमवतः शैलमध्ये वर्तते महारथीभूतमण्डले भृङ्गेश्वरभट्टारके प्रादुर्भूतः. तदनु नेमुन्यादिभिः ऋषिगणैस् तत्र गौतमादयो देवा · · · · तेन नेपालप्रथमराज्ञां भुंजिता गोपालानां क्रमेण राज्यं भोगं प्रशशास.
स्वीत ल्'ईसूत्वर् दे न्वा, सूर् ले मेम् प्लाँ के राइट्, कूस्क्'आ विक्रम साह (एभेनमाँ एन् १८१६) ।
देजिन्. स्वस्ति श्री सम्वत् १८९१ सालम् इति ज्येष्ठमासे शुक्लपक्षे श्री दशहरापर्वदिने सोमवारे देवपट्टनवासी सिद्धिनारायणद्विजवरेण इदं वंशावलीराजोपाख्यान अपूर्वग्रन्थं सम्पूर्णं लिषित्वा मुन्सी गुणाकर. परोपकारी सुपुरुषाय, लक्ष्मीदासनाम्ने. संप्रदत्तम् । यस्मै कस्मै न दातव्यं शुभं ॥
[ ले नेपाल्, एतूईद् ईसूत्वरीक् द्'अन् न्वायोम् एँदू (हिन्दू अधिराज्य नेपालको इतिहासको परिशीलन) को पहिलो भागका १९३-१९४ पृष्ठ ।]

[ वंशावलीको कुनै पनि लेखोट प्रतिको अहिलेसम्म बयान गरिएको छैन । ब्राह्मणधर्मानुसारी लेखोट वंशावलीको बयान यहाँ दिइन्छ । महामहिमा देवशमशेरले यो वंशावलीको सूचना मलाई दिनुभएको हो । यो पुस्तकमा जम्मा ८३ पत्र छन् । यी पत्र १४ अङ्गुल लामा ८ अङ्गुल चौडा छन् । यी पत्र छुट्टाछुट्टै नभई किताब जस्तो गरी बाँधिएका छन् । देवनागरी लिपिले लेख लेखिएको छ । जिल्दमा "स्वयम्भू, पशुपति, श्रीवच्छलेश्वरी, दक्षिण–श्मशान, श्रीवाग्मती, गंगामाता, अश्वत्थ–संयुक्त-श्वेत–विनायक, राजा धर्मदत्त, कल्पवृक्ष" का तसवीर लेखिएका छन् । सो वंशावलीको उठानमा यस्तो लेखिएको छ––

श्रीगणेशाय नमः ।

अविरलमदजलनिवहं भ्रमरकुलानेकसेवितकपोलम् ।
अभिमतफलदातारं कामेशं गणपतिं वन्दे ।।

अथ नैपालिके देवान् प्रादुर्भाव राजभोगमाला, यथाक्रमेण वर्तमानविधौ सकलदुःखार्तजनानां नरेभ्यः शृण्वन्ते सति पापानां हरनं हेतुकारणात् · · · · दिने दिने स्मरणेन सकलतीर्थदेवराजमाला वंशावलीसंग्रहं कुर्यात्.

विक्रमादित्यको कुरा नआएसम्म राइटको वंशावलीमा जस्तै देवदेवताको इतिहास ।

अथ नरराजमाला.

[ संस्कृतमा केही श्लोक । त्यसपछि– ]

नीलकण्ठप्रकाशक्रमेण वर्तमानेन कलियुगभूपालसमस्तमालिकाचरणाम्बुजस्य राज्य श्रीमत्पृथ्वीराज्ञो हिमवतः शैलमध्ये वर्तते महारथीभूतमण्डले भृङ्गेश्वरभट्टारके प्रादुर्भूतः तदनु नेमुन्यादिभिः ऋषिगणैस् तत्र गौतमादयो देवा · · · तेन नेपालप्रथमराज्ञां भुंजिता गोपालानां क्रमेण राज्यं भोगं प्रशशास.

यसपछि राइटको वंशावलीको छाँटमा राजाहरूको इतिहास छ। यो इतिहास विक्रम शाह[1] (वि० सं० १८७३ मा राज्यारोहण) सम्म छ ।

सो वंशावलीको अन्त्यमा यस्तो लेखिएको छ––

स्वस्ति श्रीसम्वत् १८९१ सालम् इति ज्येष्ठमासे शुक्लपक्षे श्रीदशहरापर्वदिने सोमवारे[2] देवपट्टनवासी सिद्धिनारायणद्विजवरेण इदं वंशावली राजोपाख्यान अपूर्वग्रन्थं सम्पूर्णं लिषित्वा मुन्सी गुणाकर-परोपकारीसुपुरुषाय, लक्ष्मीदासनाम्ने संप्रदत्तम् ।। यस्मै कस्मै न दातव्यं शुभं ।। ]

वि० सं० १९३५ मा बुद्धिमान सिंहले भाषावंशावलीको प्रतिसंस्कार गरेका थिए भन्ने कुरा सो वंशावलीका यी वाक्यबाट बुझिन्छ –

यो लेखियाको वंशावली काठमाडौं मञ्जेश्वरीटोलमा बस्न्या गोर्खाली खरीदार बुद्धिमान सिंहले धेरै वर्षसम्म सङ्ग्रह गरी बहुत मिहिनेत गरी आफ्ना बुद्धिले भेटायासम्म तयार गरी संवत् १९३५ साल मिति भाद्रवदि १ रोज ३ गाईजात्राका दिन आधा दिनमा लेखी सिद्धियाको हो । बडा आदमी बुद्धिवन्तहरूले नभयाको नपुग्याको थप्नू लेख्नू ।

---

१. राजेन्द्रविक्रम शाह भन्नुपर्नेमा लेभीले यहाँ विक्रम शाह मात्र भनेका छन् ।

२. यस दिनको गणना यस प्रकारको छ––

वि० सं० १८९१ ज्येष्ठशुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| असार | ४ | सोम | दशमी | ४४ | ९ ४ |

( पात्रोबाट )

वि० सं० १९४८ सम्मका घटना दिइएकाले[8] पछिल्लो पटक वि० सं० १९४८ मा यसको प्रतिसंस्कार भएको थियो भन्ने बुझिएको छ। लेखोट रूपमा यो वंशावली काठमाडौंका गत शताब्दीका प्रायः हरेक बडादमीका घरमा छ। साँच्चै भन्ने हो भने बहुसङ्ख्यक नेपालीहरूले पढ्ने गरेको स्वदेशी इतिहासको एक मात्र पुस्तक धेरै कालसम्म यही थियो। नेपाली भाषामा लेखिएकोले यस वंशावलीले भाषावंशावली भन्ने नाउँ पनि पाएको छ। हामीले पनि यस वंशावलीलाई भाषावंशावली नै भन्ने गरेका छौं।

---

यस दिनको गणना यस प्रकारको छ--

वि० सं० १९३५ भाद्रकृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| साउन | ३१ | मङ्गल | परेवा | ६० | ० |

(पात्रोबाट)

(ऐ० शि० बाबुराम आचार्यको श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनीको ३७ पृष्ठ। कैलासको पहिलो वर्षमा छापिएको दिनेशराज पन्तको रामशाहको राज्यकाल-एक चर्चा भन्ने निबन्ध। सो वर्षको ७९ पृष्ठ।)

८. संशोधन-मण्डलको सङ्ग्रहमा रहेको लेखोट भाषावंशावलीमा बयान गरिएको अन्तिम घटना यस्तो छ--

श्री ३ महाराज वीरसम्सेर जङ्गबहादुर राणाबाट रैयत दुनियाँलाई पानीको सुबिस्ता हवस् भन्नाका निमित्त हिन्दुस्थानदेखि पायेफको काम गर्न्या कालिगढ अङग्रेज कुल्ली झिकाई ७ लाख रुपैंञा खर्च लाई देशबाट फलासका डुंड झिकाई बूढानीलकण्ठबाट कुलो खनी बूढानीलकण्ठमा मुहानको गुमज बनाई अरू जगामा समेत गुमजवाला पोखरी बनाई सो डुंड बिछ्याई सहर काठमाडौंका टोलटोलमा टुटे धारा बनाई १९४८ श्रावण मैन्हादेखि सो पानी चलाया. यही सालका कार्तिकवदि ६ रोज ६ का दिन[1] सो पानीको प्रतिष्ठानिमित्त रानीपोखरीका पश्चिमतर्फ नञा इस्कुलका अगाडि मण्डप बनाई क्ष्याउको बार लगाई ध्वजापताकासमेत उडाई जंगी निजामती अफिसर पगरी भैंमारादार पल्टन कंपनी फौज र साहूमहाजन सबै सामेल गराई श्री ५ महाराजाधिराजको सवारी चलाई सोही मण्डपमा राजालाई अंग्रेज रजीडंट साहेबलाई बोलावट गरी अनौठाअनौठाको पानीका फूलझरी फोहरा चलाउन लगाई श्री ५ महाराज श्री ३ महाराजको जय जय भनी रिजमेन्ट फौजलाई पुकार्न लगाई ठूलो उत्सव गरिबक्सनुभयो ॥ ॥

---

१. यस दिनको गणना यस प्रकारको छ--

वि० सं० १९४८ कार्तिककृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| कार्तिक | ८ | शुक्र | षष्ठी | ११ | २८ |

(यो गणना दिनेशराज पन्तले गरिदिएका हुन्।)

प्राचीन वंशावली गोपालराजवंशावली र अर्वाचीन वंशावली भाषावंशावलीका साधर्म्य र वैधर्म्यको परिशीलन गर्नाले हाम्रो देशको इतिहासपरम्परा बुझ्न निकै मदत मिल्छ। प्रस्तुत निबन्धमा गोपालराजवंशावली र भाषावंशावलीको साधर्म्यका केही उदाहरण दिइन्छन्।

गोपालराजवंशावलीमा––

**राजा श्रीसुपुष्पदेव··· तेन हि नेपालभूमिश्चातुर्वर्ण्ण कृता ।। श्रीपशुपति-भट्टारकस्य देवालय कृतं सङ्कलासंछादनम् ।। ततः सुन्दर निर्म्मित नगरम् सकल राज्य मर्ज्जादाकृत्य न्यायेन प्रजाः समस्त प्रतिपालितानिः···**

**राजा श्री भास्करदे(व) वर्ष ७४ तेन हि श्रीपशुपतिस्थाने तपश्चिरं कृत्वा··तत्प्रसादा··निर्ज्जित्य दक्षिणसाङ्गरप्रज्यन्तः काञ्चीनगरमण्डले विनिर्ज्जित्यः अनेककोषमानीयः श्रीपशुपतिभट्टारकाय कोष कृतानि सम्प्रदत्ता काञ्ची नाम कृतम् ।।**

(१९ ख– २० क पत्र)

भाषावंशावलीमा––

··· श्रीराजा पशुपुष्पवर्मा······ यिन राजाले कलि लाग्यापछिको प्रथम ठूलो कीर्ति श्रीपशुपतिनाथकन सुन्दर शास्त्रोक्त प्रमाण वास्तुक्रमले देवालय उच्चा गरी सुनका छाना बनाई अतिसुन्दर गरिसकी शास्त्रज्ञ ब्राह्मण पण्डित यतिसँग सम्मत गरी यन्त्रले गरी ब्रह्म क्षत्री वैश्य शूद्र चार वर्णको थिति बाँधी स्वस्वधर्ममा चलाई गोब्राह्मणकन प्रतिपाल सन्मान गरी न्यायनीतिका रीतले प्रजाकन पालना गरी आनन्दसित पशुपतिश्वरको भक्तिभाव गरी यश कीर्ति बढाई आनन्दसित राज्यभोग गरिरह्याका थिया।

अस्य पुत्र श्रीराजा भास्करवर्मा भोगवर्ष ७४ यिन राजा बडा तेजस्वी प्रतापवान् थिया।·· श्रीभास्करवर्मा यी राजाले···· श्रीपशुपतिनाथका पाशुपतास्त्र मन्त्र जगाई सेवा गऱ्या।···· श्रीपशुपतिनाथका अनुग्रहले मन्त्री सर्दार धेरै सैन्यसमूह गरी ··दक्षिण मुख गरी प्रस्थान गरी जाई स्थानस्थानमा जाई युद्ध गरी केही प्रतापका बलले वश गरी हटाई जिती दक्षिण उत्कल देश आदि नाना देश जिती दक्षिण महोदधि समुद्रपर्यन्त पुगी···· धेरै मुलुक फिरी बडा बडा महाराजहरूले मान्य गराई स्वस्थसित अनेक रत्न हीरा मोती पद्मराग मरकतमणि इन्द्रनीलमणि शेखरमणि वैदूर्य्यमणि कर्केतनमणि भीष्ममणि पुलकमणि रुधिराख्यमणि मुगा इत्यादि नाना प्रकारका सुवर्ण रौप्य नाना पदार्थका द्रव्य देशदेशका राजाहरूबाट ली नेपालक्षेत्रमा आइपुगी श्रीपशुपतिनाथकन अर्पण गरी सुवर्णपुरी बोलाया। ···· सुवर्णपुरी भनी नाम प्रख्यात गऱ्या।

(पहिलो भागका ५३–५४ पृष्ठ। त्यहाँ केही मणिहरूका नाउँ अशुद्ध छापिएकोमा कोशको आधारमा मैले सच्याएको छु।)

गोपालराजवंशावलीमा—

राजा श्रीहरिदत्तवर्मा वर्ष ४६ ॥ तेन हि चतुशिखरप्रदेशे भगवत विष्णुभटारकस्य देवालयम् सम्पूर्ण कृतवानितुम् ॥

(२० क पत्र)

भाषावंशावलीमा——

"श्रीराजा हरिदत्तवर्मा भोगवर्ष ४६ यिन राजाले··· नेपालभूमिमा चार शिखरस्थान ठहराई श्रीज्योतिस्वरूपका पूर्वभागमा दोलागिरि पर्वतविषे विराजमान भयाका श्रीगरुडनारायण श्रीछिन्नमस्ता काली शक्तिसहित कीलेश्वरका अधिका वर्णन शास्त्रप्रमाण ठहराई पूजा मान्य गऱ्या। देवालय पनि बनाई नित्य नैमित्य अर्चन गराया। फेरि वायव्यकोणमा शतरुद्र पर्वतविषे विराजमान भयाका चयजुनारायणकन पूजा मान्य गरी देवालय बनाइदिया।··· ···फेरि पश्चिम भागमा विराजमान भयाका इचंगुनारायण शक्तिले सहित विराजमान भयाकाकन पूजा मान्य गरी देवालय बनाइदिया।···फेरि नैर्ऋत्यभागमा श्रीनृसिंह-नारायण शिखरीलक्ष्मीसहित विराजमान भयाकाकन पूजा मान्य गरी देवालय बनाई प्रख्यात गराया।

(पहिलो भाग ५५ पृष्ठ)

गोपालराजवंशावलीमा——

राजा श्रीविश्वदेव ··· तेन कृत सीनगुविहार चैत्यभटारिक प्रतिष्ठित संपूर्ण कृतम् ॥ ··· तस्य मृत्ती स्वपुत्रेण रात्रे पनालिकास्थाने शिरश्छित्वा पिताज्ञा कृतं ॥

तस्य पुत्र श्रीमानदेव ··· तेन मज्ञातेन पिता वध कृत्य ॥ महाघोरपातककृतेन महारोदमान भ्रमित्वा गुंबिहारशिखरे तप कृतम् ॥ ··· स्वनामेन मानविहार प्रतिष्ठितं पुन श्रीमानेस्वरीदेवी प्रतिष्ठितं, पुनरपि भूमि मानदण्ड कृतं ॥ पुन तस्य राजें महामुत्पात भवेत्तस्य सांति कृत पोष्यपूर्णमी होलि कृतम् तेन सान्ति भवति

(२०ख– २१क पत्र)

भाषावंशावलीमा——

···· राजा विश्वदेव··· यिन राजाले···बौद्धमार्गीहरूका पर्याय हुनाले भिक्षुकहरूको संग हुनाले बौद्धकन पनि मानी सिम्भूका स्थान बनाइदिया।···

केही दिनपछि आफ्ना पुर्खाको कीर्ति धर्मागतदेवका नामले बनायाका नारायणधारा बन्द भै जाँदा ती राजाले मनमा बहुतै फिक्री गरी मेरा पुर्खाले जलशयन नारायणका आज्ञा पाई बसायाको स्थान हो भनी अब म पनि तिनै नारायणका स्थानमा जाई सेवा भक्ति गर्नुपऱ्यो भनी शतरुद्र पर्वतमुनिका आदि जल-

शयन नारायणका स्थानमा जाई सेवा भक्ति स्तुति गर्दा ज्योतिकहरूसित बुझी काम गर भनी स्वप्न[illegible] पाई ती राजाले ज्योतिक ब्राह्मण जान्या बोलाई सोध्दा कष्टप्रमाण आयो र ज्योतिकहरूले बिन्ती गर्न नसकी नबोली रह्या। राजाले केही सन्देह मान्नुपर्दैन यथार्थ बताउनुहवस् भन्दा हे महाराज द्वात्रिंशल्ल-क्षणसंयुक्तं नरबलिं दद्यात् । धाराबन्धप्रकाशो जायते राजन् इति वाक्यं श्रुतम् इति कार्यं मया क्रियते इत्यर्थं मनसि स्थापितम् ।

यहाँउप्रान्त कोही दिनपछि राजाले आफ्ना मनमा विचार गऱ्या । प्रजाहरूमा कोही लक्षणले युक्त भयाका भया पनि विनाअपराध जीवघात गर्नु मेरा कुलको धर्म होइन । मेरा पुत्र पनि लक्षणले युक्त छ तर्पनि मछेउ पनि युक्त छ भन्दछन् । तसर्थं आफ्ना पुर्खाको कीर्ति थाम्ननिमित्त विनाअपराध अरू मानिस खोजी जीवघात गर्नुचाहिं त आफ्नै जीवघात गर्नु योग्य हो भनी ती राजाले यस्ता नराधिपतिप्रभुत्व सुख र नवसागर रानी अतिसुशीलाकन त्याग गरी पुत्र मानदेवकन बोलाई गुप्तभेद नबताई हे पुत्र आजका चौथो दिनमा हाम्रा धारामाथि सम्पूर्ण शरीर छोपी रात्रिमा सुतिरहन्या पुरुष एकजना होला । त्यसकन तैंले जाई मुख नहेरी शीघ्रले काटी आउनू । तब हाम्रो धारा बहला भनी अह्राया ।

चौथो दिनमा आफूले धर्मका निमित्त जाई सुतिरहन गया। त्यहाँपछि पुत्र मानदेवले पिताका आज्ञा मानी केही विचार नगरी वेगले जाई छोपी सुतिरहन्या पुरुषकन केही नहेरी खड्गले प्रहार गरी छिन्नभिन्न गऱ्या । त्यसै वेलामा ठूलो शब्द गरी धारा बह्यो र राजपुत्र खुशी भै खड्ग धुन जाँदा दुवै धारादेखि रक्त बहाई देखाया । पितृहत्या गर्न्याको मुख हेर्नु छैन भनी हितिमंगल फर्कगयाका हो भन्छन् । अकृतक छँदैछ । राजपुत्र त्यस ठाउँ छाडी गयापछि निर्मल भै सदा सर्वदा जल बह्यो । राजपुत्र इक्षुमती पुग्दा सबै कीरा मात्रै बगाई ल्याएको हुनाले तुखुचा भनी भन्दछन् ।

भोलिपल्ट नगरमा ठूलो हल्ला उठी सोहरा फिज्यो । राजाकन पनि काटी राख्या । बन्द भयाका दुवै धारा पानि बहिरह्याछन् भनी अनेक तरहका कुरा राजपुत्रले सुनी हेर्ननिमित्त गया । आफ्नै बाबा मरिरह्याका देखी बहुतै शोक गरी भ्रमण गरी मनमा विचार गऱ्या। बाबाले छलकार गरी मकन यस्तो अनर्थ गराया भनी बडो कठिनसँग चित्तकन धैर्य गरी केही कुरा प्रकाश नगरी पितृको क्रियाकर्म सम्पूर्ण गरी महतारीकन राज्यको भारी दिई आफूले हत्यामोचन गर्नानिमित्त मेरा धर्मका बाज्या विक्रमादित्यबाट वर प्रसाद पायाको स्थान श्रीवज्रयोगिनी हो भनी श्रीवज्रयोगिनीका चरणमा [illegible] जाई हे तारिणी भनी हाहाकार गरी विलाप गरी श्रीदेवीकन पूजा गरिरहँदा ⋯

मानदेवविहार नाम गरी दर्बारैमा आफ्नै नामले आफ्ना कुलमा श्रेष्ठ देवताकन मानेश्वरी भनी प्रतिष्ठा गऱ्या। ⋯फेरि भूमि नाप्न्या मानदण्ड भनी बनाया । तिनका राज्यमा फेरि [illegible] विघ्न हुँदा पौषका पौर्णमासीका दिन होलीजात्रा गर्दा विघ्न शान्त भैगया ।

(पहिलो भागका [illegible]–७८ पृष्ठ)

गोपालराजवंशावलीमा–

राजा श्रीनरेन्द्रदेव वर्ष ३४ तेन च श्रीपशुपतिभटारकाय अनेक रत्न विचित्र कोषं कृतम् प्रढोकितम् ।। तत्रेव सुवर्णपनालिका –– तिपुरसहितञ्च कृतम् ।।

राजा श्रीभीमदेव · · · ·

तत पश्चात्सूर्यवंस निर्ज्जित्यः पुन गोपालवंसेनः प्रभवाद्राजा कृतम् ।। · · ·

राजा श्रीविष्णुगुप्त · · · तेन कृतं श्रीपशुपतिस्थाने वाग्मतीतीर पूर्व्वटते बृहच्छिलामय विष्णुभटारक प्रतिष्ठितम् · · एकादशीव्रत दिने दिने एकेक विष्णु-प्रतिमा तांव्र शिला वा प्रतिष्ठितं नानास्थाने ।। · · ·

राजा श्रीभूमिगुप्त वर्ष ४५ तेन नेपाले गोली नाम अक्षर प्रवर्त्तते ।। धरणीवाराह विष्णु प्रतिष्ठितम् · · ·

अथ भुयोपि सूर्यवंसप्रभावात् कृत।

राजा श्रीशिवदेव वर्ष ४१

तस्य भग्नीयपुत्र राजा अंसुवर्मा वर्ष ४३ · · · व्याकरणादिशास्त्रचर्चता प्रवर्तते ।।

(२१ ख–२२ ख पत्र)

भाषावंशावलीमा–

· · · राजा नरेन्द्रदेव · · · अस्य भोगवर्ष ३४ · · · श्रीपशुपतिनाथकन अनेक रत्न विचित्र कोष बनाई चढाया । फेरि त्यहीं सुनका धारा बनाई चढाया । जयवागीश्वरीमा फेरि पुरीसहित तीन प्रकार कोष १ प्रणाली १ देवपत्तनपुरी १ बनाई श्रीपशुपतिनाथकन चढाया । · ·

अस्य पुत्र श्रीभीमदेव · · · ·

यस सूर्यवंशका राजा भीमदेवकन गोपालवंशी गुप्तवंशका राजाले जिती राज्य गन्या । · · ·

श्रीराजा विष्णुगुप्त · · · यी राजाले वाग्मतीका पूर्व बाटोमा बृहत् शिलामय विष्णुमूर्ति बनाई स्थापना गन्या । · · · एकादशीवृत प्रतिदिन विष्णुमूर्ति ताम्रको र पाषाणको बनाई पूजा मान्य गरी वृत गन्या । · ·

अस्य पुत्र श्रीराजा भूमिगुप्त भोगवर्ष ४५ यिन राजाले नेपालमा गौडाक्षर प्रवर्त गराया । धरणीवराह विष्णुमूर्ति बनाई स्थापना गन्या । · ·

यिन गुप्त राजाकन शिवदेवनाम सूर्यवंशी राजा आई जिती राज्य गऱ्या । अस्य भोगवर्ष ४१···

यिन राजाको सन्तान थिएन र बैनीका पुत्र क्षत्रिय भानिजकन अंशुवर्मा नाम राखी राज्याभिषेक दिया। आफू शान्त भैगया।···

श्रीराजा अंशुवर्मा भोग वर्ष ४३··· नेपालमा व्याकरणशास्त्र पढ्न्या पढाउन्या रीत चलाया।

(पहिलो भागका ८०-८५ पृष्ठ)

गोपालराजवंशावलीमा–

**राजा श्रीनरेन्द्रदेव··· तस्य आचार्य बंधुदत द्वयेन श्रीबुग्मलोकेश्वरभटारकस्य जात्रा कृता भवति ॥**

(२२ ख-२३ क पत्र)

भाषावंशावलीमा–

···श्रीराजा नरेन्द्रदेवले बन्धुदत्त आचार्यले··· श्रीमत्स्येन्द्रनाथकन नेपालमा ल्याया।··· यहाँपछि राजा नरेन्द्रदेवले बन्धुदत्तका सम्मतले··· यात्रा बनाया।

(देवीप्रसाद लम्सालद्वारा सम्पादित दोस्रो भागको १२ पृष्ठ)

गोपालराजवंशावलीमा–

**राजा श्रीबालार्जुनदेव··· भ्रातृभ्या भार्या सम्भवं तेन श्रीबुग्मलोकेश्वरभटारिकाय स्वमकुट प्रढोकितम् ॥**

(२३ क पत्र)

भाषावंशावलीमा–

···श्रीबालार्जुनदेव राजा··· यिन राजाले भाइ छोरा आफ्नी रानीसहितका नामले श्रीमत्स्येन्द्रनाथ बुग्मलोकेश्वर भट्टारककन आफ्ना शिरको मुकुट ···· विधिपूर्वक पूजा मान्य गरी चढाया।

(दोस्रो भागको २१ पृष्ठ)

यी उदाहरणबाट गोपालराजवंशावली र भाषावंशावलीको वर्णनमा निकै साधर्म्य रहेछ भन्ने स्पष्ट हुन्छ।

गोपालराजवंशावलीको उठानमा जस्तो यस्तो लेखिएको छ–

**कर्म्मेण प्रवर्त्तमानः कलियुगे। समस्तसरभूपालो मोलिपालश्च चरणाम्बुजस्य राज्यम् ॥ श्रीमद्युद्धिष्टिरस्यादिराज्ये ॥ हिमवन्तशेल्यमध्यवर्त्तिणी महारन्यभूते भूमण्डले ॥ प्रधान श्रीभृङ्गारेश्वरः भटारिक प्रादुर्भूतः ॥ तदनु गोतमादिभिः**

ऋषिग्नेस्तत्र प्रचरतिः ।। गोतमेश्वरादयो देवा प्रतिष्ठिताम् ।। तत्रान्तरे श्रीभृङ्गारेश्वरी भटारिका श्लेष्मान्तकवने विहरति गोपालो बभूवः ।। ततपश्चात् मालाखातः गोग्रामस्य आगमेन नेपनामा गो (पा) लकस्य । बहुली नाम कपिला गावो बागमतीतीरे स्वयन्दिनप्रति गत्वा मुशीरपून्जके क्षीरधारा तेन संशिक्ते भुप्रदेशे । गोपालेन दृष्ट्वाः खनित्वा चः श्रीमतपशुपतिभट्टारकः प्रादुर्भूतः ।।

(१७ क-ख पत्र)

भाषावंशावलीको पहिलो भागको ४१ पृष्ठमा यस्तो छापिएको छ–

क्रमेण वर्तमाने कलियुगे समस्तभूपालमौलिमालाललितचरणाम्बुजस्य राज्ञ : श्रीमत्पृथ्वीराजस्य हिमवच्छैलमध्ये वर्तिनो महारथस्य संभूतमण्डलस्य राजसमये भृङ्गीश्वरभट्टारकप्रादुर्भावस्तदनु गोतमादिऋषिगणैस्तत्र गौतमेश्वरादयो देवा : प्रतिष्ठाकृताः । अथानन्तरं भृङ्गीश्वरभट्टारक : श्लेष्मान्तकवने विराजते स्म । नेपनामा गोपालस्तस्य च कपिला गौर्वाग्मतीतीरे गता । तया स्वक्षीरधारया सिक्ते भूप्रदेशे श्रीमत्पशुपति : प्रकाशित : ।

भाषावंशावलीको यो अंश गोपालराजवंशावलीको माथि उद्धृत अंश नै हो, यहाँ देखिएका केही अन्तर भाषा सच्याउन खोज्दा पर्न गएका हुन्, यी दुइ अंशमा केही पाठभेद भए तापनि त्यति साह्रो फरक छैन भन्ने कुरामा शङ्का छैन ।

यसरी गोपालराजवंशावली र भाषावंशावलीमा एक ठाउँमा एकैनासे वाक्य पनि देखिएकाले यी दुइ वंशावलोमा साधर्म्य रहेछ भन्ने कुरा अझ स्पष्ट भएको छ ।

परिशिष्ट

# सेसिल बेन्डालको शब्दमा गोपालराजवंशावलीको बयान

—महेशराज पन्त

हरप्रसाद शास्त्रीको अ क्याट्अलग् अफ् पाम्–लीफ् यान्ड् सिलेक्टड् पेपर् म्यानुस्क्रिप्ट्स् बिलङ्इङ्ग ट द डरबार् लाइब्ररि नेपाल् (नेपाल राजकीय पुस्तकालयमा रहेका ताडपत्रमा लेखिएका पुस्तक र कागतमा

लेखिएका छनौट पुस्तकहरूको सूचीपत्र) को पहिलो भागमा सेसिल बेन्डालको हिस्टर्‌इकल् इनट्रडकशन् (ऐतिहासिक उपोद्‌घात) छापिएको छ। सेसिल बेन्डालको सो उपोद्‌घातका १–५ पृष्ठमा गोपालराज-वंशावलीको बयान परेको छ। प्रस्तुत निबन्ध त्यही वर्णनको नेपाली अनुवाद हो।

जुन सूचीपत्रको उपोद्‌घातको रूपमा यो निबन्ध लेखिएको छ, त्यो सूचीपत्र हामीले वि. सं. १९५५ को हिउँदमा गरेको नेपालयात्राको फल हो। यो यात्राको कुरा मैले उठाएको हुँ। यस यात्रामा बङ्गालको एशियाटिक सोसाइटी (एशियासमिति) को तर्फबाट महामहोपाध्याय हरप्रसाद शास्त्री र उहाँका सहायक पण्डित विनोदविहारी भट्टाचार्य मसँग जानुभएको थियो। सम्पूर्ण अवधिभर हामीहरूले आफुसआफुसमा सहयोग गर्‍यौं तपनि पुरातत्त्व[1] र इतिहाससम्बन्धी काम मेरो भागमा पर्ने गरेर र वाङ्मयसम्बन्धी काम पण्डितजीहरूले गर्ने गरी कामको सामान्यतः बाँडफाँड गर्ने प्रबन्ध हामीले मिलायौं।

हाम्रो धेरैजसो समय महाराजको सङ्ग्रहमा रहेका लेखोट पुस्तकहरू जाँच्दै बित्यो। सबभन्दा पुराना लिखतको दृष्टिले यी लेखोट पुस्तकहरूलाई थाहा भएसम्मको कुनै पनि संस्कृतपुस्तकालयले उछिन्न सकेको छैन। मैले यो विशिष्ट सङ्ग्रहलाई वि० सं० १९४१ मा निकै हतारमा जाँच्नुपरेको थियो। यसपछि मात्र यसको विषयमा पहिलो पल्ट स्पष्ट वर्णन छापियो[2]। त्यसपछि पण्डित हरप्रसाद सो पुस्तकखाना जानुभई उहाँले यसको विषयमा बङ्गालको एशियासमितिको पत्रिकाको वि० सं० १९५३ मा छापिएको ६६ भाग १ खण्डको ३१० पृष्ठदेखि केही कुरा लेख्नुभयो। "इतिहासको लागि यतिबिधि काम लाग्ने लेखोट पुस्तकका पुष्पिकावाक्यमा" सबैभन्दा बढी दृष्टि दिंदै पेरिसका प्राध्यापक सिल्भाँ लेभीले वि० सं० १९५४ मा यस पुस्तकालयको विषयमा अरू बढी कुरा लेख्नुभयो। यसो भए तापनि, मैले सो पुस्तकखानाका अलिकति पुस्तक मात्र जाँचेको हुँ, सम्पूर्ण पुस्तक जाँच्न पाएको छैन भनी पछिबाट श्रीलेभीले मलाई खबर गर्नुभएकोले सो पुस्तकालयको बढी विस्तृत परीक्षण आफूले हातमा लिएकोमा मलाई अझ बढी खुशी लाग्यो। यो सूचीपत्र त्यही परीक्षणको फल हो। यसमा मेरो खास काम अङ्क र अरु तिथिमिति पढ्दा पण्डितजीहरूलाई मदत गर्ने थियो। झण्डै २५ वर्ष यतादेखि नेपालका पुराना लेखोट किताब मैले हेर्दै आएकोले यी विषयमा मलाई केही थाहा पनि छ। राजाका नाउँ र समय लेखिएका पुस्तकका पुष्पिकावाक्य मलाई सधैं देखाउनुहोला भनी सो पुस्तकालयमा बसी काम गर्दा म पण्डितजीहरूसँग भन्थें। यसो भए तापनि यो सूचीपत्रको निकै भाग म गइसकेपछि साना पण्डितजीले तयार पार्नुभएकोले पढेको पाठ ठीक छ कि छैन भनी जाँच्न मैले अर्कै तरीका लिनुपर्‍यो।

---

१. मैले भेट्टाएका अभिलेखहरू मैले लेखेको सामान्य विवरणसँगसँगै छाप्ने विचार गरेको छु।

२. मेरो जर्नि इन् नेपाल् यान्ड् नर्दर्न् इन्डिअ (नेपाल र उत्तर भारतको यात्रा) का १६–२० पृष्ठ हेर्नू। त्यहाँ लरेन्स र डानियल राइटले यस पुस्तकखानाको बारेमा लेखेका कुराको पनि उल्लेख गरिएको छ।

नेपालमा बसेका हाम्रा दूत लेफ्टनेन्ट कर्णेल लोच र उहाँका उत्तराधिकारी लेफ्टनेन्ट कर्णेल पेर्जको कृपामय सहयोगले गर्दा अर्कै तरीकाले गरेको जाँचको राम्रो नतीजा आयो ।

विशेष कुरा, अङ्क र जाँच्नुपर्ने खालका अरू त्यस्तै कुरा परेका मुख्य मुख्य पुष्पिकावाक्य स्वशा खिँच्ने कागतमा प्रशस्त उतारी हाम्रा दूतकहाँ पठाउने प्रबन्ध मिलाइयो । अर्को तरीका भनेको यही हो । खाली ठाउँमा भरिने शब्द वा अङ्कको सङ्केत दिइएको थिएन तथा हरेक उतारलाई निर्धारित समयका लिपिसम्बन्धी वैशिष्टचसँग मिलाएर प्रमाणित गरिएको थियो ।

लेखोट पुस्तकका पुष्पिकावाक्यहरूको जरियाले नेपाली इतिहासको कालक्रम मिलाउन मैले अगाडिअगाडि पनि कोशिश गरेको थिएँ । ती वेला विधिपूर्वक लेखिएका इतिहासहरू र वंशावलीहरूद्वारा तथा पुस्तक सार्नेहरूले पुष्पिकावाक्यमा हालेका ऐतिहासिक सूचना (छोटकरी, तर त्यही समयको प्रमाण भएकाले निकै काम लाग्ने) र नाटक जस्ता ग्रन्थको मूल भागमा दिइएका आनुषङ्गिक सूचनाद्वारा जुटेका तथ्यको उपयोग गर्न र तिनको समन्वय गर्न हुन्ज्यालसम्म मैले सधैं कोशिश गरेको थिएँ । ऐतिहासिक सूचना पाइने ग्रन्थहरूको एउटा राम्रो उदाहरण मुदितकुवलयाश्व-नाटक हो । आफूले तयार गरेको, जर्मनीको प्राच्यसमितिका लेखोट पुस्तकहरूको सूचीपत्रका ७–८ पृष्ठमा डा० पिशेलले यस ग्रन्थका प्रशस्त उद्धरण दिनुभएको छ । यो सूचीपत्रमा यस्तो खालका उदाहरण प्रशस्त भेटिन्छन् ।

महाराजको पुस्तकखानामा रहेका नेपाली वंशावलीहरूमध्ये एउटा वंशावली निकै महत्त्वको[3] छ । साना ताडपत्रमा लेखिएको सो वंशावली नेपाल छोड्नुभन्दा केही दिनअगाडि मात्र मैले पत्ता लाएको हुँ । कर्णेल लोचले कृपा गरी प्रबन्ध मिलाइदिनुभएकोले इङ्ल्याण्ड फर्केपछि मैले त्यसको राम्रो प्रतिलिपि मात्र नपाई महाराजको निगाहले ३ महीनाको लागि मूल ग्रन्थ आफूकहाँ राख्न पनि पाएँ । यसरी सुविधा पाएकोले रुजु गर्न र सबै मुख्य मुख्य अंशको तसवीर खिँच्न पनि मैले पाएँ ।

केही विद्वानहरूले मैले वंशावलीहरूको उपयोग गरेको कुराको नराम्रोसँग आलोचना[4] गरेका छन्, त्यसो भए तापनि केहीले यस कामको समर्थन[5] पनि गरेका छन् । तर पनि यो ग्रन्थ पत्ता

---

३. यो सूचीपत्रमा यो पुस्तकको बयान नपरेकोले तलका टिपोट चाखलाग्दा होलान् । १५ अङ्गुल लामा, २ अङ्गुल चौडा ताडपत्रका १७ देखि ६३ पत्रमा यो वंशावली लेखिएको छ । अर्को १ पत्रमा पत्रसङ्ख्या हालिएको छैन । यसरी यस वंशावलीका जम्मा ४८ पत्र पाइएका छन् । सो पुस्तकालयको १२३१ सङ्ख्यामा यो वंशावली दर्ता भएको छ ।

४. नेपाल र उत्तर भारतको यात्रा ९३ पृष्ठ ।

५. उदाहरणार्थ श्रीसिलभाँ लेभीका नेपालका संवत्सम्बन्धी परीक्षणहरूमा ।

लाएकोले यी विषयहरूमा केही मात्रामा नयाँ प्रकाश परेको छ भनी ठान्ने आँट गरेको छु ।

यो वंशावलीमा जुन समयसम्मको कुरा परेको छ[6] (यहाँ दिइएको फलकका ३–१० सङ्ख्याका चित्र हेर्नू), त्यही ताकाको (जयस्थिति मल्लको राज्यकाल वि० सं० १४३७-१४५१◈) लिपिमा ठाउँ नछोडीकन एउटै मानिसको अक्षरमा यो वंशावली लेखिएको छ तापनि यस वंशावलीभित्र तीनवटा भिन्नाभिन्नै वंशावली छन् । यसैले यस निबन्धमा तिनका नाउँ पहिलो वंशावली, दोस्रो वंशावली, तेस्रो वंशावली राखिएका छन् ।

पहिलो वंशावली राजाहरूको शासनका छोटकरी टिपोटको रूपमा अरू अरू वंशावलीभन्दा फरक छैन, तर त्यहाँ राज्यकालको अवधिको साथै बढी तिथिमिति दिइएका छन् । हरेक राजाको पालाका मुख्य मुख्य कुरा कहींकहीं तिथिमितिसहित पहिलेबाट अक्षरमा अनि अङ्कमा दिइएका देखिन्छन् ।

सत्रौं पत्रदेखि पत्रसङ्ख्या हालिएको छ, यो खण्ड ३० पत्रमा टुङ्गिन्छ । यस खण्डमा संस्कृत लेख्न खोजेको हो भन्ने कुरामा शङ्का छैन, तर यहाँको भाषा अस्पष्ट भएकोले र यहाँ कारकप्रक्रियाको पटक्कै खयाल नराखिएकोले[7] मैले देखेका नेपाली लेखोटका निकृष्टतम पुष्पिकावाक्यहरूसँग यो जोडा लाग्छ । पहिलेबाट मैले यो वंशावली जम्मै छाप्ने विचार गरेको थिएँ । तर मेरो लागि सारिएको प्रति पढि–सकेपछि र साथीभाइहरूका सल्लाह लिइसकेपछि भने कित मैले डिको नछुट्ट्याईकन जम्मै छाप्नुपर्छ, यसरी छाप्दा श्रम पर्छ र यस्तो छपाइ चित्तबुझ्दो पनि हुँदैन, कित यसको तसवीर छपाउनुपर्छ भन्ने

---

६. ६३ ख पत्रमा परेको ने० सं० ५०८ र ५८ क पत्रमा परेको ने० सं० ५०९ त्यस वंशावलीमा दिइएका पछिल्ला तिथिमिति हुन् । यस समयदेखि सय वर्ष जतिभित्र (कागतको व्यापक उपयोगले गर्दा) ताडपत्रमा लेखिएका पुस्तक दुर्लभ भए भन्ने कुरा मेरो केम्ब्रिजसूचीपत्र (उपोद्घातको ३१ पृष्ठ हेर्नू) र यो सूचीपत्र दुवै पुस्तकबाट देखिनेछ ।

◈ बेन्डालले यहाँ स्थिति मल्लको राज्यकाल वि० सं० १४३७–१४५१ दिएका छन् । तर स्थिति मल्लको मृत्यु वि० सं० १४५२ मा भएको हो (धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलद्वारा सम्पादित इतिहास-संशोधनको प्रमाण- प्रमेयको मूल भागको ३८ पृष्ठ) । यस कारण स्थिति मल्लको राज्यकाल वि० सं० १४३७–१४५२ लेख्नुपर्थ्यो ।

७. यस ग्रन्थको लेखाइ जति अडमिल्दो देखिन्छ, त्यति अडमिल्दो छैन भन्ने कुरा भारतीय भाषाहरू राम्रोसँग पढेका मान्छेहरूलाई लाग्न सक्छ । स कृतवान् वा स अकरोत्को सट्टा प्रशस्त ठाउँमा तेन कृतः वा कृत भनी यहाँ लेखिएकोले हिन्दीको चलती वाक्य उस ने कियातर्फ पक्कै पनि यसले औंल्याउँछ । यो खण्ड सिद्धिने सिद्धिने ठाउँ (२९ख⊕ ३०क पत्र) मा यहाँको भाषाको रूप फेरिन्छ । यो भाषा वास्तवमा आर्य-भाषाका प्रशस्त शब्द मिसिएको नेवारी भाषा हो ।

---

⊕ यहाँ बेन्डालले २९ख पत्रदेखि नेवारी शुरू हुन्छ भनी लेखेका छन् । तर २९क पत्रमा पनि केही नेवारी छ ।

निधोमा म पुगें । अर्थ गर्न सजिलो हुने खालको, व्याकरणको कुनै निश्चित नियम नभएकोले पदच्छेदमा र वाक्यच्छेदमा सुद्धा धेरै ठाउँमा निकै शङ्का उठे । फलस्वरूप समितिको परिषद्ले पछिल्लो विकल्पको विषयमा मलाई अनुमति दिएकोले मैले ज्यादै मुख्य मुख्य केही पत्रहरूको तसवीर खिचेको छु । सो वंशावलीको मूल प्रति मकहाँ हुँदा मैले ती मुख्य मुख्य पत्रहरूको स्पष्ट बुझिने प्रतिचित्र तयार पारेको थिएँ । छनौट पत्रहरू ३ क चित्रदेखि शुरू हुन्छन् भन्ने कुरा ख्याल राख्नुपर्छ । मैले हालै पत्ता लाएका अभिलेखहरूसँग सन्दर्भ मिलाई वि० सं० ९३६ अघिका नेपालका राजाहरूको विषयमा पछि लेख्ने हुनाले अहिलेलाई यो पत्रको एक अंश मात्र म छाप्छु ।

मन्दिरमा चढाइएको कोषको विषयमा खास महत्त्व दिएर लेखिएकोले ग्रन्थको यो भाग (पहिलो वंशावली) पशुपतिको मन्दिरका लिखतसँग केही मात्रामा सम्बद्ध थियो कि भन्ने तर्कना गर्न सकिन्छ।

दोस्रो वंशावली अर्कै खालको लिखत हो । यो राजवंशका र अरू प्रतिष्ठित मान्छेहरूको जन्मसूची हो । दुर्भाग्यवश यहाँको भाषा पुरानो नेवारी छ, तर पनि नाउँ र तिथिमिति भने यहाँबाट खुट्ट्याउन सकिन्छन् । सधैं कालक्रम मिलाई लेखिएको नभए तापनि यहाँ ने० सं० १७७ देखि ३९६ सम्मका कुरा परेका छन् । यसको एउटा उदाहरण फलकको १० सङ्ख्याको चित्रमा दिइएको छ । वंशावलीको यो खण्डमा दिइएका, राजाहरूसँग सम्बन्ध भए जति अंश तल राजाहरूको सारणीमा हालिएका टिप्पणीहरूमा छोटकरीमा भेट्टाइनेछ । यो खण्ड सिद्धिने सिद्धिने ठाउँमा जन्मको साथसाथै मृत्यु र यस्तै अरू वृत्तान्त दिइएका छन् । तर यहाँको भाषा बुझ्न नसकेकोले मैले यसको थोरै मात्र उपयोग गर्न सकेको छु । यहाँको भाषाको निमित्त न नेपालमा न यूरोपमा नै म मनग्य मदत पाउन सक्छु ।

तेस्रो वंशावली दोस्रो वंशावलीकै बाँकी भाग हो जस्तो लाग्छ । छत्तीस क पत्रको अन्त्यमा दुइ-दुइवटा दण्ड हाली अलिकति छुट्ट्याइएकोले र अर्कै शैली स्पष्ट छुट्टिएको देखिएकोले मैले यसलाई तेस्रो वंशावली भनेको हुँ । जन्मको कुराभन्दा अलिकति बढी कुरा लेखिएका ससाना पङ्क्ति यहाँ नभई यहाँको टिपोट बढी विस्तृत ढङ्गको छ । योभन्दा अघिल्लो खण्ड ने० सं० ३९६ मा टुङ्गिएको छ, यो कुरा मैले माथि भनिसकेको छु । यसो भए तापनि यो खण्ड ने० सं० ३७९ देखि शुरू हुन्छ । दोस्रो वंशावलीमा भन्दा यहाँ बढी मात्रामा कालक्रम नमिलेको देखिएकोले यहाँ पूरापूर कालक्रम मिलाई इतिहास लेखिएको देखिंदैन । मैले पहिल्यै लेखे झैं यहाँको पछिल्लो मिति ने० सं० ५०८ हो (६३ख पत्र)।

पहिलो वंशावलीमा परेका घटना कहींकहीं यहाँ बढी खुलाएर[8] बयान गरिएका छन् । अर्कोतिर तिथिमितिहरू पूरा दिइएका भए तापनि ती त्यति भरपर्दा[9] देखिंदैनन् ।

---

८. उदाहरणार्थ, अभय मल्लको पालामा ने० सं० ३५२ मा परेको अनिकाल (तेस्रो वंशावली ३९क पत्र) । तल ८ पृष्ठको २ टिप्पणीमा यसको उल्लेख परेको छ ।

९. सम्वत् ४१६ मार्गशिरशुक्लत्रयोदशी अनुराध घटि १७ सूल ३७ अङ्गारवारे (मङ्गलवारको दिन) जय-

त्यसो हुँदा हुँदै पनि यस खण्डमा बढी काम लाग्ने कुरा हुनुपर्छ भन्ने मलाई पक्का लागेकोले हिमाली भाषाहरूमा सिपालु थोरै विद्वान्हरूको यस विषयमा दृष्टि खिँच्ने आशाले उदाहरणको रूपमा १ पत्र (फलकको १० चित्रसङ्ख्या) तसवीर यहाँ दिन्छु ।

# डम्बर शाहको राज्यकालमा एक विचार

–दिनेशराज पन्त

गोरखावंशावलीमा एक ठाउँमा यस्तो लेखिएको छ––

केहि एक दिनमा श्री ५ महाराज डम्बर साहले मनमा बडो विचार गर्न लाग्नुभयो. कस्तो विचार भन्या जो उत्तम छोरा हुन्छन्. बाज्या बाबुले भन्दा पनि जस कीर्ति बढांउछन्. जो मध्यम छोरा हुन्छन्.

---

रुद्र मल्लका छोरा जयतुङ्ग मल्लको❀ जन्म भयो भनी ४०क पत्रमा ○ लेखिएको छ । प्राध्यापक जाकोबीले कृपा गरी यो तिथिमितिको गणना गर्नुभई सोमवार हुनुपर्छ भनी खबर गर्नुभयो तथा मार्गशिरमा कुनै हालतमा पनि अनुराधा पर्न सक्दैन भनी देखाउनुभयो~। यसबाहेक मैले कुनै कुनै वर्षमा महीनाहरूमा द्वि(तीय) लेखेको देखेको छु । तर सेवेल र दीक्षितका सारणीअनुसार ती अधिमास परेका थिएनन् ।

---

❀ यहाँ बेन्डालले जयरुद्र मल्लका छोरा जयतुङ्ग मल्लको जन्म ने० सं० ४१६ मा भयो भनी गोपालराजवंशावलीमा लेखिएको छ भनी लेखेका छन् । तर गोपालराजवंशावलीमा जयतुङ्ग मल्लका छोरा जयरुद्र मल्लको जन्म ने० सं० ४१६ मा भयो भनी लेखिएको छ । यहाँ बेन्डालले बाबुछोराको नाउँ भ्रमवश उल्टोपुल्टो पारेको देखिन्छ ।

○ यहाँ बेन्डालले गोपालराजवंशावलीको ४० क पत्रमा रुद्र मल्लको जन्मको कुरा परेको छ भनी लेखेका छन् । तर गोपालराजवंशावलीमा रुद्र मल्लको जन्मको विषय ३९ख तथा ४०क पत्रमा परेको छ ।

~ यहाँ बेन्डालले रुद्र मल्लको जन्मको तिथिमितिको गणना मिलेन भनी लेखेका छन् । गोपालराजवंशावलीमा रुद्र मल्लको जन्म मार्गशुक्लत्रयोदशी अनुराधानक्षत्र शूलयोग मङ्गलवारको दिन भयो भनी लेखिएको छ । मार्गकृष्ण लेख्नुपर्नेमा गोपालराजवंशावलीमा भ्रमवश मार्गशुक्ल लेखिएकोले गणना नमिलेको हो । यस विषयमा पूर्णिमा १ पूर्णाङ्कका ८–१३ पृष्ठमा छापिएको देवीप्रसाद भण्डारीको रुद्र मल्ल र उनको जन्मतिथि भन्ने निबन्धमा विस्तारपूर्वक विचार गरिएको छ ।

आफना बाज्या बाबुले गरिआयाको काम थाम्छन्. जो अधम छोरा हुन्छन्. आफना बाज्या बाबुले गरिआयाको जश कीर्तिको नाश गर्छन्. तसर्थ म ता जियको पनि निर्बलियो भयां. अघि श्रीदेवताबाट जो वरदान भयाको मेरा पालामा ता केहि फल नलागन्या यस्तो सुनिन्दा ता आयुंदा पनि मेरो ढेरै होला भन्या जस्तो लाग्दैन भनि सहास त बडो नलागन्या हुदा अब मैले बुबाबाट गरिबक्सनुभयाको थितिबिति मात्रै थामि श्रीदेवताहरुको आराधना गर्न्या हो भनि मनमा निश्चय गरि जप पाठ पूजामा ज्यादा चित्त दि राज गर्नुहुंदो भयां.

(पिताजी नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य, दिनेशराज पन्तको श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ५९३ पृष्ठबाट)

गोरखावंशावलीको यस वर्णनबाट डम्बर शाह लडाईंभिडाईंतिर नलागेका, धार्मिक प्रकृतिका थिए भन्ने देखिन्छ।

हनूमान्ढोकाअगाडिको कृष्णदेवलको प्रताप मल्लको वि० सं० १७०५ को शिलालेखमा यस्तो लेखिएको छ—

श्रीमड्डंबरसाहभूपतिबलं विध्वस्य दन्तावलं।
श्रीमत्सिद्धिनृसिंहमल्लनृपतेर्ज्जग्राह दुर्ग्गावलीम्॥

[(राजा प्रताप मल्लले) राजा डम्बर शाहको बल भएको हात्तीलाई नष्ट पारेर राजा सिद्धिनरसिंह मल्लको किल्ला कब्जा गर्नुभयो।]

(श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ५९४–५९५ पृष्ठबाट)

यताबाट डम्बर शाहसँग हात्तीसमेतको फौज थियो, पाटनका राजा सिद्धिनरसिंहको सहायताको लागि डम्बर शाहको फौज आएको थियो भन्ने बुझिन्छ।

गोरखावंशावली पढदा डम्बर शाहको विषयमा हामी जे थाहा पाउँछौं, तात्कालिक सामग्री केलाउँदा त्यसको ठीक उल्टो हामी भेट्टाउँछौं।

यति भन्नाको तात्पर्य के हो भने हामीले वंशावलीको मात्र भर परेर इतिहास लेख्न थाल्यौं भने हामी सत्यको नगीच पुग्न सक्दैनौं भन्ने हो।

कैलाश १ वर्ष १ अङ्कका ७६–७९ पृष्ठमा राम शाहको राज्यकालको विषयमा विचार गरिएको थियो। अहिले डम्बर शाहको राज्यकालको विषयमा विचार गर्न लागिएको छ।

श्री ३ जङ्गबहादुरको पालामा नेपालस्थित अङ्ग्रेजी दूतावासमा डाक्टर भई आएका डानियल राइटले सम्पादन गरेको वंशावलीमा डम्बर शाहको राज्यकालको विषयमा यस्तो लेखिएको छ—

श्रीडम्बर् शाह् शाका १५५५ (ए. डी. १६३३) रेनृड् ९ यर्ज्

श्रीकृष्ण शाह् शाका १५६४

(डानियल राइटको हिस्टरि अफ् नेपाल् (नेपालको इतिहास) को २७९ पृष्ठबाट)

[श्रीडम्बर शाहको राज्यारोहण शाके १५५५ ईसवी संवत् १६३३ (वि० सं० १६९०) मा भयो । श्रीकृष्ण शाहको राज्यारोहण शाके १५६४ (वि० सं० १६९९) मा भयो ।]

हिज् सन् श्री (५) डम्बर् शाह् रेन्ड् ९ यर्ज्, यान्ड् डाइड् इन् संवत् १६९९ (ए. डी. १६४२) ।

(राइटको २९० पृष्ठबाट)

[श्री ५ राम शाहका छोरा श्री ५ डम्बर शाहले ९ वर्ष राज्य गरे । डम्बर शाहको मृत्यु वि० सं० १६९९ ईसवीसंवत् १६४२ मा भयो ।]

वि० सं० १९३५ मा भाषावंशावली एकसरो लेखिसिद्ध्याउने बुद्धिमान सिंहको[1] विचार पनि यस प्रसङ्गमा उल्लेख गर्नु चाखलाग्दो नै हुनेछ—

यिनका (राम शाहका) पुत्र शाके १५५५ (वि० सं० १६९०) मा डम्बर शाह महाराज हुँदा भया । ···अस्य (यिनको) (राज)भोगवर्ष ९ सम्म गर्दा भया ।

तनका (डम्बर शाहका) पुत्र शाके १५६४ (वि० सं० १६९९)मा श्रीकृष्ण शाह महाराज हुँदा भया ।

(श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ५९२,५९५ पृष्ठबाट)

राइट र बुद्धिमानको लेखाइबाट वि० सं० १६९० मा राम शाहको मृत्यु भएपछि डम्बर शाह राजा भए तथा वि० सं० १६९९ मा डम्बर शाहको मृत्यु भयो भन्ने बुझिन्छ ।

अब यसको परीक्षा गरिन्छ ।

वसुबाणशिवाननचंदुयुते नृपशालिवाहसमये विगते ।
विदधे नृपराम मठं कुतुकात् शुचिदशमीयुक्तरवौ नभसि ॥१॥
श्रीशाके १५५८

रामश्चांकरसेंद्वतीतसमये श्रीविक्रमार्कस्य वै
शुद्धे श्रावणमासि भानुदिवसे युक्ते दशम्यां तथा ।
चक्रे राममहीपतिर्मठमसावानंदसंदोहनं
श्रीमच्छंकरपादपद्मरजसा पूतः सदा शत्रुजित् ॥१॥

(गोरखा पोखरीथोकको रामेश्वरमन्दिरको वि० सं० १६९३ को राम शाहको अभिलेखबाट)

[शाके १५५८ श्रावण महीनामा आषाढ दशमी आदित्यवारका दिन (धर्ममा) चौंची भएका राजा राम शाहले मठ बनाउनुभयो ।

त्यस्तै शाके १५५८ वि० सं० १६९३ चोखो श्रावण महीनामा दशमी आदित्यवारका दिन श्रीशिवजीका पाउरूपी कमलका धूलाले पवित्र भएका सधैं शत्रुलाई जित्ने उहाँ राजा राम शाहले आनन्द दिने मठ

१. यही अङ्कमा छापिएको महेशराज पन्तको गोपालराजवंशावली र भाषावंशावलीको साधर्म्यका केही उदाहरण भन्ने निबन्ध, १६५-१६६ पृ. ।

बनाउनुभयो ।]

(श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ५५८–५५९ पृष्ठबाट)

यताबाट वि० सं० १६९३ श्रावण १८ गतेसम्म राम शाहको राज्यकालको उल्लेख पाइएकोले राम शाहको मृत्यु भएपछि वि० सं० १६९० मा डम्बर शाह गद्दीमा बसे भनी लेख्ने राइट र बुद्धिमानको लेखाइको खण्डन हुन आउँछ ।

डम्बर शाहको राजाको रूपमा उल्लेख पहिलो पटक वि० सं० १६९९ मा सारिएको[2] स्कन्दपुराणको केदारखण्डार्गत शैवशास्त्रमा आएको छ––

इति श्रीस्कंदपुराणे केदारखंडे शैवशास्त्रे पंचत्रिशोध्याय: संपूर्ण: ।। ।। ।।

शाके १५६४ मार्गश्रीर्षप्रतिपदि शुक्रे कृष्णपक्षे गोर्षानगरे[3] शिवकिंकरमहाराज[4]श्रीडंबरसाहमहोग्रप्रतापाज्ञया श्रीमनोरथशर्म्मणा[5] लिखितमिदं शिवशास्त्रपुस्तकं ।। ।।

[बीरपुस्तकालय तेस्रो ६४ सङख्याको शैवशास्त्रबाट । बाबुकृष्ण शर्माद्वारा सम्पादित राष्ट्रियाभिलेखालयस्थहस्तलिखितप्राचीनपुस्तकानाम् बृहत् सूचीपत्रम् (राष्ट्रिय अभिलेखालयमा रहेका प्राचीन हस्तलिखित पुस्तकहरूको बृहत् सूचीपत्र) को ८ भागको ३०१ पृष्ठमा शाके संवत् र गोर्षानगरेदेखि लिखितम्सम्मको वाक्य छापिएको छ । पहिलो वाक्य र तिथिमिति अन्त छापिएका छैनन् ।]

[श्रीस्कन्दपुराणको केदारखण्डमा शैवशास्त्रको पैंतीसौं अध्याय सिद्धियो ।

शाके १५६४ (वि० सं० १६९९) मार्गकृष्ण प्रतिपद् शुक्रवारको दिन[6] गोरखा शहरमा शिवजीका भक्त ठूला प्रतापी महाराज श्रीडम्बर शाहको आज्ञाले श्रीमनोरथ शर्मालि शिवशास्त्र सारिसिद्ध्याए ।]

वि० सं० १७०१ मा गोरखामा डम्बर शाह राजा थिए भनी देवप्रयागका पण्डा तेवारीको खाताबहीमा लेखिएको छ[7] ।

---

२. यो सामान आँखामा नपरेकोले कैलाश १ वर्ष १ अङ्कमा छापिएको दिनेशराज पन्तको राम शाहको राज्यकाल एक चर्चा भन्ने निबन्धको ७९ पृष्ठमा वि० सं० १७०१ मा पहिलो पटक डम्बर शाहको राजाको रूपमा उल्लेख पाइन्छ भनी छापिएको थियो ।

३. बाबुकृष्ण-गोर्खानगरे । ४. शिवशङ्कर महाराज: । ५. श्रीमनोरथशर्मणा ।

६. यस दिनको गणना यस प्रकारको छ––

शाके १५६४ (वि० सं० १६९९) मार्गकृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| कार्तिक | २७ | शुक्र | प्रतिपद् | ३६। | ५२ |

७. पूर्णिमा २७ अङ्कमा छापिएको बाबुराम आचार्यको देवप्रयागका पण्डा तेवारीको खाताबहिमा भन्ने निबन्ध, सो अङ्कको १६२ पृ. ।

डम्बर शाहको वि० सं० १७०८ को पत्र पाइएको छ--

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरूदावलीविराजमानमानोन्नतमहाराजाधिराजश्रीश्रीमड्डंबरसाहदेवानां सदा समरंविजइनां

आ. गंगाधर पाध्याके लुद्या वन वुट्यां उधो उगो रुष पोश्रा दियालो भोलो फा ... न नदेवं. यावघर सभै जरिया ... सुनाव.

संवत् १७०८ ज्येष्ठशुदि ७ रोज ६[8] ... ...

(भवानीप्रसादको सङ्ग्रहमा रहेको पत्र । मोहनप्रसाद खनालको मध्यकालीन अभिलेखको २६ पृष्ठमा यो पत्र छापिएको छ ।)

यताबाट वि० सं० १७०८ ज्येष्ठ १८ गतेसम्म डम्बर शाह राजा थिए भन्ने प्रमाण पाइएकोले डम्बर शाहपछि वि० सं० १६९९ मा कृष्ण शाह राजा भए भन्ने राइट र बुद्धिमानको लेखाइमा केही सार छैन भन्ने स्पष्ट छ ।

वि० सं० १७१६ मा सारिएको चौरपञ्चाशिकामा कृष्ण शाहको राजाको रूपमा उल्लेख छ-

इति श्रीचौरमहाकविना विरचिता श्लोकपञ्चासिका समाप्ता ॥

श्रीशाके १५८१ समये श्रावणदशम्यान्तिथौ रविवासरे श्रीश्रीमत्कृष्णसाहभुज्यमाने गोर्षाग्रामे लिखितं शुभं ॥ ॥

(दण्डपाणि अर्ज्यालको सङ्ग्रहमा रहेको चौरपञ्चाशिकाबाट । तुलसीराम वैद्य र धनवज्र वज्राचार्यको गोरखाको ऐतिहासिक सामग्रीको ३३ पृष्ठमा यो छापिएको छ ।)

[चौर महाकविले बनाएको श्लोकपञ्चाशिका सिद्धियो ।

शाके १५८१ (वि० सं० १७१६) श्रावणमा दशमी तिथिमा आदित्यवारमा[9] श्रीश्रीकृष्ण शाहले भोग गरिरहेको गोरखाग्राममा सारिसिद्धियो ।]

---

८. यस दिनको गणना यस प्रकारको छ--

वि० सं० १७०८ ज्येष्ठशुक्ल

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| ज्येष्ठ | १८ | शुक्र | सप्तमी | ५४। ४ |

९. यस दिनको गणना यस प्रकारको छ—

शाके १५८१ (वि० सं० १७१६) श्रावणकृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| श्रावण | ३ | आदित्य | दशमी | ६०। ० |

यताबाट वि० सं० १७१६ श्रावण ३ गतेभन्दा अघि नै डम्बर शाहको मृत्यु भइसकेको स्पष्ट हुन्छ।

वि० सं० १६९९ देखि वि० सं० १७०८ सम्म डम्बर शाहको राज्यकालको स्पष्ट उल्लेख पाइएकोले यी ९ वर्षसम्म डम्बर शाहले राज्य गरेको कुरामा केही सन्देह रहँदैन। वि० सं० १६९३ मा राम शाहको राज्यकालको उल्लेख पाइएकोले त्यसभन्दा अघि पनि डम्बर शाह राजा हुन सक्तैनन्। यताबाट वि. सं० १६९३ देखि वि० सं० १६९९ सम्मको ६ वर्षभित्रको कुनै वर्षमा गोरखाको राजगद्दीमा डम्बर शाह बसेका देखिन्छन्। वि० सं० १७१६ मा कृष्ण शाहको राज्यकालको उल्लेख पाइएको छ। यताबाट वि० सं० १७०८ देखि वि० सं० १७१६ सम्मको ८ वर्षभित्रको कुनै वर्षमा डम्बर शाहको मृत्यु भएको देखिन आउँछ।

माथिका प्रमाणको आधारमा डम्बर शाहको राज्यकाल वि० सं० १६९३ भन्दा अघि र वि० सं० १७१६ भन्दा पछि हुन सक्तैन, डम्बर शाहको राज्यकालको अहिलेसम्म प्राप्त प्रामाणिक मितिचाहिँ वि० सं० १६९९-१७०८ हो भन्ने कुरा स्पष्ट हुन्छ।

डम्बर शाहको राज्यकालको विषयमा लेख्दा राइट र बुद्धिमानले भूल गरेका रहेछन् भन्ने कुरा माथिबाट स्पष्ट हुन्छ। राइट र बुद्धिमानको पछि लागेर धेरै इतिहासकारहरूले जो भूल गरिरहे, त्यसलाई यहाँ दोहऱ्याउनु आवश्यक छैन।

केही वर्षयता ऐ. शि. बाबुराम आचार्य (अब स्वर्गवासी) र श्रीसूर्यविक्रम ज्ञवाली (राजकीय प्रज्ञा-प्रतिष्ठानका वर्तमान कुलपति) द्वारा गोरखाली राजाहरूको राज्यकालको निर्णय गर्दा राइट र बुद्धिमानको मात्र भर नपरी तात्कालिक सामग्रीको आधारमा पनि निर्णय गर्ने प्रयत्न गरिएको छ। सो यस प्रकारको छ-

राम शाहको राज्यकाल श. सं. १५२८-५८ (इ. सं. १६०६-३६)

(ऐ. शि. बाबुराम आचार्यको श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी -दोस्रो भागको लेखकको कथन)

राम शाहपछि ''' ''' डम्बर शाह (इ. सं. १६३६-४२)

(श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनीको १२ पृ.)

| | शाके | सन् | वर्ष |
|---|---|---|---|
| राम शाह | १५२८-१५५८ | १६०६-१६३६ | ३० |
| डम्बर शाह | १५५८-१५६७ | १६३६-१६४५ | ९ |

(प्राचीन नेपाल ९ अङ्कमा छापिएको सूर्यविक्रम ज्ञवालीको शाहवंशका केही राजाहरूका राज्यकालका विषयमा विचार भन्ने निबन्ध, सो अङ्कको ३५ पृ.)

यहाँ ऐ. शि. ज्यू र ज्ञवालीज्यूले राम शाहले शाके १५२८ देखि १५५८ सम्म (वि० सं० १६६३ देखि १६९३ सम्म) राज्य गरे भनी लेख्नुभएको छ। डम्बर शाहको राज्यकाल ऐ० शि० ज्यूले ई० सं० १६३६ देखि १६४२ सम्म (वि० सं० १६९३ देखि १६९९ सम्म) र ज्ञवालीज्यूले शाके १५५८ देखि १५६७ सम्म (वि० सं० १६९३ देखि १७०२) सम्म दिनुभएको छ।

छत्र शाह वि० सं० १६६६ मा राज्य गर्दै थिए भन्ने प्रमाण पाइएकोले[10] तथा डम्बर शाह वि० सं० १७०८ सम्म राज्य गर्दै थिए भन्ने प्रमाण पाइएकोले ऐ० शि० ज्यू र सूर्यविक्रम ज्ञवालीज्यूले तयार गर्नुभएको शाहवंशका राजाहरूको राज्यकालको सारणी पनि भरपर्दो छैन भन्ने स्पष्ट हुन्छ[11]।

# बालाज्यूका दुइ अभिलेख

–रामजी तेवारी

प्राध्यापक तोत्रराज पाँडे र मेरा मातृष्वसेय (ठूली आमाका छोरा) दाइ पण्डित नयराज पन्तले मिलेर लेख्नुभएको नेपालको संक्षिप्त इतिहास प्राध्यापक तोत्रराज पाँडेले वि० सं० २००४ मा छपाउनुभएको थियो। यो पुस्तक प्रवेशिका (एस. एल. सी.) परीक्षाको पाठ्यपुस्तक भएकोले यस पुस्तकको बजारमा चाँडै नै खपत भयो। यसपछि यो पुस्तकको प्रतिसंस्कार र परिवर्धन गरी यो पुस्तक फेरि छपाउने निधो भएकोले दाइले वि० सं० २०१० मा मलाई र साथी शङ्करमान राजवंशीलाई उपकरणहरूको सङ्ग्रह गर्ने काममा खटाउनुभयो। पहिलो संस्करणमा श्री ३ जङ्गबहादुरको पालासम्मको

---

१०. कैलाश १ वर्ष १ अङ्कको ७७ पृ.।

११. केही कालयता प्रकाशित लेखहरूमा पनि राम शाहको राज्यकालको विषयमा भूल परेका पाइन्छन्। जस्तै–

राम शाह (१६०६–१६३३) ···

[नेपाल् इन् पर्स्पेक्टिभ् (पर्यालोचयअनुसारको नेपाल)को उपोद्घातको रूपमा छापिएको कमलप्रकाश मल्ल र पशुपतिशमशेर जङ्गबहादुर राणाको लेख, सो ग्रन्थको ११ पृष्ठ। पूर्णिमा ३२ अङ्कमा महेशराज पन्तको नेपाल् इन् पर्स्पेक्टिभ्मा देखिएका इतिहाससम्बन्धी केही अशुद्धि भन्ने निबन्ध छापिँदैछ।]

राम शाहले (आ. १६०६–१६३६ ई. सं.) ···

(रमक्रम १० वर्ष २ अङ्कमा छापिएको सूर्यविक्रम ज्ञवालीको श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको वैदेशिक नीति भन्ने निबन्ध, सो अङ्कको ३ पृ.।)

१६६३ संवत्मा रामशाहको राज्यारोहण भएको हो।

(भानुदर्शन २ अङ्कमा छापिएको नरहरि आचार्यको मोतीराम भट्ट लिखित कवि भानुभक्ताचार्यको जीवनचरित्र पृष्ठभूमि र विवेचना भन्ने निबन्ध, सो अङ्कको ४९ पृ)

इतिहास मात्र परेकोले दोस्रो संस्करणमा वि० सं० २००७ सम्मको इतिहास पनि गाभ्ने निधो भएको थियो। यसैले हामीले सो अन्वेषणकार्य गर्दा राणाकालका उपकरणपट्टि खास चासो लियौं र राणाकालका निकै उपकरण पनि हामीले सङ्ग्रह गऱ्यौं। तर अन्वेषणकार्य पूरा नहुँदै नेपालको संक्षिप्त इतिहास पुनर्मुद्रण गर्ने विचार विभिन्न कारणवश रोकिन गयो र हामीले सङ्ग्रह गरेका उपकरणहरूको कुनै उपयोग हुन सकेन।

यी उपकरणहरू सङ्ग्रह गरेर ल्याएको आज २० वर्ष बितिसके तापनि यिनलाई प्रकाश गर्ने चाँजो मिलाउन नसकेकोले अहिलेलाई पूर्णिमामा अलिअलि गरेर छाप्नु नै बढिया होला भन्ने ठानी त्यसै गरिएको छ।

बालाज्यूबाट नागार्जुनवन पस्ने ढोकानिर रहेका २ अभिलेखलाई अहिले यहाँ छपाइँदैछ। यी २ अभिलेखबाट वनको सुरक्षाको लागि जङ्गबहादुरले गरेको व्यवस्थाको ज्ञान हुन्छ। दुइ सङ्ख्याको अभिलेखमा नाउं लिइएका कति पशुपन्छी र बोटहरू हामीलाई नौला लाग्ने भइसकेका छन्। यताबाट पनि नेपालमा जङ्गलहरू ह्रासिँदै गएकाले हामी प्रकृतिबाट टाढिँदै पो गइरहेका छौं कि भन्ने भाव हाम्रो मनमा आउँछ। साथसाथै यी अभिलेखले तात्कालिक न्यायव्यवस्थाको पनि केही झल्को दिन्छन्। दुइ सङ्ख्याको अभिलेखमा परेका "यो बिराम स्वास्नीमानिसले गरेको रहेछ भने उसको पोई उसको नछुट्टिएको छोरालाई जरिवाना गर्नू। बिराम गर्ने स्वास्नीमानिसको पोइ पनि छैन, छोरा पनि छैन भने नेल ठोकी बारुदखानामा बारुद पिस्न पठाउनू" भन्ने यी वाक्यले १०० वर्ष जतिअगाडि न्याय गर्ने रीति अहिलेको भन्दा निकै फरक थियो भन्ने भाव हाम्रो मनमा पारिदिन्छ।

१ सङ्ख्या

## वि० सं० १९१६ को श्री ३ जङ्गबहादुरको कठपत्र

संवत् १९१६ साल मिति वैशाखसुदी १४ रोजका दिन[1] श्री ३ महाराजबाट भन्ज्याङखर्कदेखि पूर्व, मुडिखुभन्ज्याङदेखि दक्षिण, लुतीकोटडाँडाको तल्लो भन्ज्याङदेखि पश्चिम, च्यानडाँडादेखि उत्तर यति ४ किल्लाभित्रका वनपाल्या र वनका जनावरपाल्या उर्दी बक्सेको छ। यो तपसीलमा लेखिएबमोजिम उर्दीमा नरहनेलाई तपसीलबमोजिमको जरिवाना होला। जरिवानाका रुपैयाँ नतिर्नेलाई ऐनबमोजिम कैद होला।

---

१. यस दिनको गणना यस प्रकारको छ–

वि० सं० १९१६ वैशाखशुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| जेठ | ३ | आदित्य | चतुर्दशी | ५१। | ३७ |

(पात्रोबाट)

तपसील

| | |
|---|---|
| चराचुरङ्गीको फुल फोर्नेके मो. रु. | १ |
| चराचुरङ्गी मार्नेके मो. रु. | २॥ |
| चारखुट्टेलाई मार्नेके मो. रु. | १० |
| स्याउला भारी बाँधी लैजानेके मो. रु. | २॥ |
| उनीउको घाँस काट्नेके मो. रु. | ॥ |
| तिम्रादेखि मनीका रुख काट्नेके मो. रु. | ५ |
| तिम्रादेखि माथि कंबरसम्मका रुख काट्नेके मो. रु. | १० |
| कंबरदेखि माथिका रुख काट्नेके मो. रु. | १५ |

जङ्गलदेखि निस्केका बाघ भालूलाई जसले पायो, उसैले मार्नू, मार्नेलाई खाग्रात लाग्दैन

| | |
|---|---|
| यसभित्र खालि डुल्न आउनेलाईके मो. रु. | ।– |
| गाईभैंसी चराउनेके गाईभैंसीपिच्छे मो. रु. | ॥ |
| खालि बाख्राभेडा चराउनेके भेडाबाख्रापिच्छे मो. रु. | ।– |
| सुकेको काठ लानेके मो. रु. | १ |
| फलफूल टिप्ने, तरुल खन्नेके मो. रु. | १॥ |
| विनासनदले जनरलका शिकारीले शिकार खेल्यो भने हाम्रा हजूरमा जाहेर गरी पठाउनू . जरिबाना मो. रु. | १० |
| विनासनदले हाम्रा शिकारीले शिकार खेल्यो भने जरिवाना मो. रु. | १० |

दावली खेल्नेलाई ६ महिना कैद गर्नू, म्यादको रुपैयाँ नलिनू

यस वनका ४ किल्लाभित्र पर्वपर्वमा देवताको पूजा र दर्शन गर्न आउने जानेहरूलाई चौतीले रूख नकाट्नू, जनावर नमार्नू भन्ने उर्दी दी पर्वपर्वमा पूजा र दर्शन गर्न जान दिनू, कसैले रूख काट्यो, जनावर मार्‍यो भने लेखिएबमोजिम जरिवाना होला

२ सङ्ख्या

## वि० सं० १९२६ को श्री ५ सुरेन्द्रविक्रम शाहको शिलापत्र

श्री ५ महाराजाधिराज सुरेन्द्रविक्रम शाहका हुकुमका उर्दी–

यो बनभित्रका कस्तुरी मार्नेलाई मोहरु २०० दुइ शय जरिवाना गर्नू १

मृग घोरल मार्नेलाई ५० रुपैयाँ जरिवाना गर्नू २

चित्तल बराठ मार्नेलाई १०० रुपैयाँ जरिवाना गर्नू ३
लकुना मार्नेलाई ६० रुपैयाँ जरिवाना गर्नू ४
थार मार्नेलाई १५० रुपैयाँ जरिवाना गर्नू ५
जरायो मार्नेलाई २५० रुपैयाँ जरिवाना गर्नू ६
दुमसी मार्नेलाई २० रुपैयाँ जरिवाना गर्नू ७
चौगोडा मार्नेलाई १० रुपैयाँ जरिवाना गर्नू ८
तित्रा, प्यूरा, बट्टाई, ढुकुर मार्नेलाई ५ रुपैयां जरिवाना गर्नू ९
थिनको फूल चोर्ने, फूल फोर्नेलाई २½ रुपैयाँ जरिवाना गर्नू १०
डाँफे, मोहनलाल, खकरा, सच्चिल्मी, कालिज, च्याखुरा, लुइँचे मार्नेलाई १५ रुपैयाँ जरिवाना गर्नू ११
ऐजनको फूल चोर्नेलाई, फूल फोर्नेलाई ७½ रुपैयाँ जरिवाना गर्नू १२
हलेसो, बजेवा, सुघा, वनपरेवा, भ्याकुरा मार्नेलाई ५ रुपैयाँ जरिवाना गर्नू १३
ऐजनको फूल चोर्ने, फूल फोर्नेलाई २½ रुपैयाँ जरिवाना गर्नू १४
मुजुर मार्नेलाई १२ रुपैयाँ जरिवाना गर्नू १५
थिनको फूल चोर्ने, फूल फोर्नेलाई ६ रुपैयाँ जरिवाना गर्नू १६
अरू सानासाना चराचुरुङ्गी मार्नेलाई २½ रुपैयाँ जरिवाना गर्नू १७
ऐजनको फूल चोर्ने, फूल फोर्नेलाई १¼ रुपैयाँ जरिवाना गर्नू १८
यो वनका वृक्षको फूल सागपात टिप्नेलाई २½ रुपैयाँ जरिवाना गर्नू १९
फल टिप्नेलाई ५ रुपैयाँ जरिवाना गर्नू २०
सुकेका झिंजामिजा चोर्नेलाई ५ रुपैयाँ जरिवाना गर्नू २१
स्याउला चोर्नेलाई ७ रुपैयाँ जरिवाना गर्नू २२
भैँघास काट्नेलाई भारीका २½ रुपैयाँ जरिवाना गर्नू २३
केराको थाम, बाँस काट्नेलाई बाँस १ को ४ रुपैयाँ जरिवाना गर्नू २४
खुकुरीको बिँड जत्रो रूख काट्नेलाई रूख १ को २ रुपैयाँ जरिवाना गर्नू २५
नारीपाखुरा जत्रो रूख काट्नेलाई रूख १ को ३ रुपैयाँ जरिवाना गर्नू २६
पिडौंलासाँफा जस्तो मोटा रूख काट्नेलाई रूख १ को ६ रुपैयाँ जरिवाना गर्नू २७
कम्बर जत्रो मोटा रूख काट्नेलाई रूख १ को १२ रुपैयाँका दरले जरिवाना गर्नू २८
कम्बरदेखिमाथि ठूला रूख काट्नेलाई ६० रुपैयाँ जरिवाना गर्नू २९
मालिशे खपतर काट्नेलाई १ बाँसको ८ आना जरिवाना गर्नू ३०
निगाला, झ्याँक्रे, घोडे, तिते, सिंगाने निगाला काट्नेलाई १ बाँसको ८ आनाका दरले जरिवाना गर्नू ३१
चिण्डे, काभ्रो, कोइरालो, नीउरो, छोट्ने, पञ्चाल्नो काट्नेलाई १ फूलको बादेको १ आना पैसा
जरिवाना गर्नू ३२
काफल, ऐंसेलु, चुत्रो, जामनु, वयामनु, फलिडे, मछैनो यो चोर्नेलाई १ मानाको ८ आनाका दरले

जरिवाना गर्नू ३३
पर्खालका किनारामा लाएका काँडाका बाँक्र, सीउँडीका बाँक्र काट्नेलाई बाँक्र १ को मोहरु ८ आनाका दरले जरिवाना गर्नू ३४
पर्खाल भत्काउनेलाई १ हात लम्बाई, १ हात गजको २० रुपैयाँ जरिवाना गर्नू ३५
योभन्दा बढ्ता भत्काउनेलाई त्यही हिसाबले जरिवाना गर्नू ३६

यहाँभित्र छोडेका चरा पर्खालभित्र मारुन् तापनि पर्खालबाहिर मारुन् तापनि जरिवाना यही हो। चोर्दा भने चोरेको रहेनछ मान्छे मात्र पर्खालभित्र पसेको रहेछ भने त्यस्ता मानिसलाई ५ रुपैयाँ जरिवाना गर्नू ।

दण्डको रुपैयाँ तिर्न सकेन भने महिनाको ५ रुपैयाँका दरले कैद गरी सडक खटाउनू । यो बिराम स्वास्नीमानिसले गरेको रहेछ भने उसको पोई उसको नछुट्टिएको छोरालाई जरिवाना गर्नू । जरिवाना तिर्न सकेन भने कैदी गरी सडक खटाउनू । बिराम गर्ने स्वास्नीमानिसको पोई पनि छैन छोरा पनि छैन भने नेल ठोकी बारुदखानामा बारुद पिस्न पठाउनू ।

यो बिराम जागीरे मानिसले गरेको रहेछ भने तानामाना बुझी किताबमा मान कटाइदिनु, जरिवाना पर्दैन ।

यो हुकुमको उर्दी उतरावदेखि रैतानतकलाई यही हुकुम हो। यो हुकुम जसले लंघन गर्ला, शिलापत्रमा लेखिएबमोजिम जरिवाना हुनेछ, तानामाना बुझिनेछ ।

सो सो बुझी हुकुममा तत्पर रही यो वनमा पाइलो कसैले नहाल्नु ।

यो वनभित्र छोडेका जनावरहरुमा पर्खालबाहिर निस्केका जसले मार्ला, जखम गराउला, माथि लेखियाका जरिवानाका ३ खण्डका २ खण्ड जरिवाना गर्नू ।

यस बनमा सोला दर्जन थापेको छ, जीयेको माया हुनेले यो वनमा नपस्नू ।

यो वनभित्र छोडेका चारखुट्टे जनावर पर्खालबाहिर निस्क्यो भने फलाना जनावर फलाना ठाउँमा निस्केको छ भनी जसले जाहेर गर्न आउला, देखाउला, त्यो मानिसलाई ८ आनादेखि माथि जनावर हेरी इनाम पाउँनेछ ।

इति संवत् १९२६ साल मिति वैशाखसुदी ८ रोज ४[२] शुभम् ।

२. यस दिनको गणना यस प्रकारको छ–

वि० सं० १९२६ वैशाखशुक्ल

| | गते | बार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| जेठ | ८ | बुध | अष्टमी | १५। | ४७ |

(पात्रोबाट)

# स्थिति मल्ल

[राज्यकाल वि० सं० १४३७-१४५२]

—नयराज पन्त

सिमरौनगढे नरेश्वर कहिले आउँदथे लिई बल।
सुरमन्दिरसम्म नास्तथे, जति सक्थे उति स्वाट्ट लुट्तथे ।।१।।
कहिले विजयप्रसङ्गले बल ली डुल्लुनरेश आउँथे ।
पशुनाथ र बुद्ध पुज्दथे, जति सक्थे उति स्वाट्ट लुट्तथे ।।२।।
यवनेश्वर वङ्गनायक कहिले आउँदथे लिई बल ।
पुर मन्दिर भस्म गर्दथे, जति सक्थे उति स्वाट्ट लुट्तथे ।।३।।
करुण–ध्वनि लोक गर्दथ्यो, तर सुन्थ्यो कसले पुकार त्यो ।
नहुँदा निज सैन्यको बल नृप लुक्थे वनको कुनातिर ।।४।।
यसरी परकीय लूटमा सयभन्दा बितिगो बढी समा ।
अति दुःखद काल त्यो थियो, जुन सुन्दा अझ काँप्छ चित्त यो ।।५।।
स्थिति मल्ल तिमी खडा भयौ, बलियो सैन्य तथा खडा गरचौ ।
परचक्रज लूट बन्द भो, दुनियाँमा सुख शान्ति क्यै भयो ।।६।।

२०२६।३।२०।६

१ श्लोक–

नेपालखाल्डोका शासकहरूमा परस्परमा कलह हुँदा सिमरौनगढका राजाहरू कुनै पक्षको सहायक भएर नेपालखाल्डोमा आई यहाँ लूटपाट गरेको तथा देवमन्दिरमा समेत आगो लाई लूटपाट गरेको वर्णन गोपालराजवंशावलीमा परेको छ ।

(पूर्णिमा ४ पूर्णाङ्कका २०–३१ पृष्ठमा छापिएको धनवज्र वज्राचार्यको डोयहरू को हुन् ? भन्ने निबन्ध ।)

२ श्लोक–

बल =फौज । पशुनाथ =पशुपति । बुद्ध=स्वयम्भूचैत्य र राता मछिन्द्र ।

कर्णालीका खसहरूले नेपालखाल्डोमा आई विजय गरेको र यहाँका देवताहरूलाई पूजा गरेको वर्णन गोपालराजवंशावलीमा पाइन्छ ।

(अ क्याट्अलग् अफ् पाम्–लीफ् यान्ड् सिलेक्ट्इड् पेपर् म्यान्युस्क्रिप्ट्स् बिलङ्इङ ट द डर्बार् लाइब्ररि नेपाल् (नेपाल राजकीय पुस्तकालयमा रहेका ताडपत्रमा लेखिएका पुस्तक र कागतमा लेखिएका छनौट पुस्तकहरूको सूचीपत्र) को पहिलो भागमा छापिएको सेसिल बेन्डालको हिस्टर्इकल् इन्ट्रडक्शन् (ऐतिहासिक उपोद्घात) को ९ पृष्ठ; धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलद्वारा सम्पादित इतिहास–संशोधनको प्रमाण–प्रमेयको मूल भागको १४८ पृष्ठ; पूर्णिमा ६ पूर्णाङ्कका १४–२९ पृष्ठमा छापिएको धनवज्र वज्राचार्यको कर्नालीप्रदेशको इतिहासको एक झलक भन्ने निबन्ध; कर्णाली प्रदेश एक बिटो अध्ययनका ११–६२ पृष्ठमा छापिएको धनवज्र वज्राचार्यको कर्नालीप्रदेशको ऐतिहासिक रूपरेखा भन्ने निबन्ध।)

३ श्लोक–

बङ्गालका सुलतान शमसुद्दीनले नेपालखाल्डोमा आई लूटपाट गरेको वर्णन गोपालराजवंशावलीमा तथा तात्कालिक शिलालेखहरूमा पाइन्छ।

(पूर्णिमा २७ पूर्णाङ्कका १५४–१६१ पृष्ठमा छापिएको ऐ.शि. बाबुराम आचार्यको नेपालमा भएको मुसलमानी आक्रमण भन्ने निबन्ध; इतिहास–संशोधनको प्रमाण–प्रमेयको मूल भागका ९२–९६ पृष्ठ; पूर्णिमा ८ पूर्णाङ्कका ६–१३ पृष्ठमा छापिएको धनवज्र वज्राचार्यको शमसुद्दीनको आक्रमण भन्ने निबन्ध।)

४ श्लोक–

बाहिरी आक्रमण हुँदा राजा वनतिर लुकेको कुरा पनि गोपालराजवंशावलीबाट थाहा पाइन्छ।

(इतिहास–संशोधनको प्रमाण–प्रमेयको मूल भागको १४८ पृष्ठ)

५ श्लोक–

समा=वर्ष।

६ श्लोक–

परचक्रज=विदेशीले गरेको।

स्थिति मल्लले सैन्यसङ्ग्रह गरेको वर्णन गोपालराजवंशावलीमा पाइन्छ।

(६० ख पत्र)

स्थिति मल्लको हातमा अधिकार आएपछि नेपालखाल्डोमा विदेशीको हमला भएको कुरा अहिलेसम्म थाहा भएको छैन।

ooo

# प्रमाण चाहियो

**-- नयराज पन्त**

भानुदर्शन दोस्रो अङ्कका ७०–७६ पृष्ठमा प्रा० शिवराज आचार्यको चन्द्रिकाको कृतित्व कस्को ? भन्ने लेख छापिएको छ । त्यहाँ (७० पृष्ठमा)–

श्री नयराज पन्थ जस्ता विचारक लेखकले पँनि हेमराजले नएँ व्याकरण बनाउनु भयो, हेमराजले श्री ३ माहाराज चन्द्र सम्सेरलाइ खुसि पार्न आँफ्नु व्याकणरको नाम चन्द्रिका राख्नुभयो भनि सोजैं लेख्या पाँइन्छ ।

–भन्ने कुरा लेखी हेमराजको कृति चन्द्रिका होइन, पं० सोमनाथको कृति हो भनी शिवराजजीले सिद्ध गर्न खोज्नुभएको छ । शिवराजजीको मुख्य प्रमाण श्रीउत्तम कुँवरले स्रष्टा र साहित्यमा यस्तै कुरा लेखेका र पं० हरिनाथ ढुङ्गेलले पनि यस्तै भनेका हो भन्ने रहेछ ।

उत्तम कुँवरजीले प्रकाश गरेको कुरालाई मैले त्यसो भनेको होइन भनी श्रीगुरु सोमनाथले आफ्नो स्पष्टीकरण गोरखापत्रमा प्रकाश गरिसकेपछि श्रीउत्तम कुँवरको वचन नै प्रमाण रहन सक्तैन ।

उत्तम कुँवरले अर्को संस्करणमा पनि आफ्नो वाक्य फेर्नुभएन, यस कारण उत्तम कुँवरको वचन प्रामाणिक हो भन्ने शिवराजको तर्क रहेछ ।

शिवराजको यो तर्क विचित्रको छ । किनभने सो तर्क "एउटै मानिस दुइपटक मरेको, एउटै मानिस एउटै मानिसको छोरा पनि भएको नाति पनि भएको कुरो लेखी[1] अरूले त्यसको सप्रमाण खण्डन गर्दा पनि मेरो जम्मै पुस्तक बिक्यो भने म फेरि पनि अशुद्ध पुस्तक नै छपाउँछु, मलाई कसले के गर्न सक्छ भनी गर्जदै हिँड्ने[2] प्रज्ञाप्रतिष्ठानका वर्तमान कुलपति सूर्यविक्रम ज्ञवालीज्यूले आफ्नो भूल स्वीकार नगरेकाले एउटै मानिस दुइपटक मर्ने र एउटै मानिस एउटै मानिसको छोरा पनि हुने, नाति पनि हुने कुरा प्रामाणिक देखिन्छ" भन्नु जस्तै हो ।

अब बाँकी रह्यो हरिनाथजीको कुरा । कसैको ग्रन्थको बारेमा कसैले केही बोल्दैमा त्यो कुरा प्रामाणिक कसरी हुन सक्छ, यो कुरा विचारणीय छ ।

अब यसमा अलि गहिरिएर विचार गरौं । चन्द्रिकाव्याकरण श्री ३ चन्द्रको पालामा प्रकाशित भएको हो । श्री ३ चन्द्र अहिलेभन्दा ४५ वर्ष अघिसम्म जीवित हुनुहुन्थ्यो । त्यस बेला मेरो उमेर १६ वर्षको थियो । चन्द्रशमशेर बग्गी चढी प्रायः टुँडिखेल घुम्नुहुन्थ्यो । यो कुरा मैले देखेको हुँ । श्री ३ चन्द्रको दरबारका भित्री घटना देख्ने मानिस पनि अहिले धेरै जीवित छन् । श्री ३ चन्द्रको बग्गीमा कहिले-

१.गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलको सावधान–पत्र ६ सङ्ख्या तथा ७ सङ्ख्या ।
२.संशोधन–मण्डलको इतिहास–संशोधन ६२ क्रमागत सङ्ख्याको ४ पृ० ।

कहीं तात्कालिक बडागुरुज्यू तर्कराज (हेमराजका कान्छा बाबु) पनि हुनुहुन्थ्यो । लेफ्टनेन्ट ओजराज जोशीले मलाई ठग्यो भनी श्री ३ चन्द्रकहाँ ओजराजको विरुद्ध तर्कराजले मुद्दा दायर गर्दा श्री ३ चन्द्रले सबै कुरा बुझी तर्कराजलाई हराई ओजराजलाई सफाइ दिएको कुरा प्रसिद्ध छ । जेठा गुरुज्यू हेरम्बराज (हेमराजका दाज्यू)ले मेरो परिवारको अपमान हुने कुरा जनसमूहको अगाडि बोल्नुभयो भनी गङ्गादत्त पाँडेले श्री ३ चन्द्रको सलामीमा कराउँदा श्री ३ चन्द्रले कुरा बुझी गङ्गादत्त पाँडेको परिवारको अपमान भएको छैन भनी सिद्ध गरिदिएको कुरा पनि प्रसिद्ध छ । यी कुरा देखने सुन्ने मानिस प्रशस्त छन् । नेपालका प्रधान शासकको इजलासमा भएको कुरा हुनाले यस विषयका कागतपत्र पनि सरकारी अड्डामा कतै होलान् । विधि पुऱ्याई खोजी गर्न सके पाइएलान् ।

यति भन्नाको तात्पर्य श्री ३ चन्द्रको पालामा तात्कालिक गुरुज्यूखलक जे मन लाग्यो, त्यही गर्न सक्ने स्थितिमा थिएन भन्ने कुरा देखाउनु हो ।

अब गुरुज्यूको र उहाँका आश्रितहरूको सम्बन्धको विषयमा पनि केही भन्नु प्रसङ्गप्राप्त होला ।

मेरा मातामह पं० भुवननाथ पाँडेका साहिंला दाज्यू पं० धीरनाथ पाँडे गुरुज्यू लोकराज (हेमराजका पिता)को आश्रयमा हुनुहुन्थ्यो । हेमराजलाई अमरकोश, रघुवंशहरू पढाउने काम पनि धीरनाथले नै गर्नुभएको हो । हेमराजले पछि जुगुतजागत गरी पुस्तक सङ्ग्रह गर्ने काम गर्दा धीरनाथका पुस्तक पनि लिन खोज्नुभयो । धीरनाथको स्वभाव कडा भएको हुनाले दुवैको भनाभन भई सम्बन्ध टुट्यो । पछि वि० सं० १९६७ मा ६० वर्ष पुगेका धीरनाथ काशीवास जान आफ्ना मालिक तथा इष्टमित्रहरूसँग बिदा हुँदा गुरुज्यू तर्कराजले धीरनाथलाई मासिक १०। रु. को दरले वृत्ति दिनुभयो । धीरनाथले बाँचुञ्जेल काशीमा सो वृत्ति पाई नै रहनुभयो । गुरुज्यू हेमराजले लौ गुरुदक्षिणा भनी एकमुष्ट ५००। रु. दिँदा अहिले मलाई खर्च पुगेको छ, पछि चाहिए लिउँला भनी धीरनाथले सो स्वीकार गर्नुभएन । आफ्ना पुस्तक पात्रा कडा शर्तमा आफ्ना भाइ भुवननाथको जिम्मामा धीरनाथले छोडिदिनुभयो । मेरा मातामह भुवननाथ गुरुज्यू हेमराजको आश्रयमा हुनुहुन्थ्यो । गुरुज्यूकहाँबाट बोलावट आउनेबित्तिकै उहाँ पाकेको भात पनि छोडी गुरुज्यूकहाँ पुग्नुहुन्थ्यो । हेमराजले तिमीसँग रहेका पुस्तक पात्राको सूचीपत्र मलाई देऊ भनी मेरा मातामहसँग धेरैपटक भन्दा पनि मेरा मातामहले सो दिनुभएन । एकपल्ट गुरुज्यू हेमराजले मेरो घरका पुराना पात्रा पनि तिमी नै लैजाऊ भन्दा पनि मेरा मातामहले स्वीकार गर्नुभएन । मेरा मातामहसँग कति पुस्तक पात्रा थिए, सो कुरा हेमराजलाई अज्ञात नै रह्यो । हेमराजले मेरा मातामहलाई आफ्नो आश्रयबाट हटाउनुभएन, मेरा मातामहले पनि गुरुज्यूको आश्रय छोड्नुभएन । मेरा मातामहले आफ्ना र धीरनाथका पुस्तक पात्रा मेरो जिम्मामा शर्तसाथ छोडिदिनुभएकोछ[3] । मातामहको स्वर्गवास भएपछि हेमराजको नजीकमा बसी मातामहले गर्नुभएको काम मैले गरें । त्यस वेला काम गर्दा

---

३.लक्ष्मीपतिसङ्ग्रह भनी ठाउँठाउँमा उल्लेख भएका पुस्तक पात्रा यिनै हुन् । यस विषयमा विस्तारपूर्वक पछि म लेखनेछु ।

लक्ष्मीपतिसङ्ग्रहका पुराना कागतपत्र, पुस्तक पात्राको पनि आवश्यकता पर्दथ्यो। हेमराजले काम सिद्धिएपछि तिनलाई तुरुन्त फिर्ता गरिदिनुहुन्थ्यो।

आफ्नो आश्रयका रहेका व्यक्तिसँगको हेमराजजीको व्यवहार यस्तै थियो।

आफूले बनाएको चन्द्रिका हेमराजले आफ्नो नाममा अन्यायपूर्वक प्रकाश गरेपछि त्यसै वेला सोमनाथ गुरु विरोध गर्न सक्नुहुन्थ्यो। भैगो, अरूले आफ्नो नाममा प्रकाश गरिसक्यो, अब मैले के गर्नु भनी सोमनाथ गुरु त्यस वेला चूप लाग्नुभएको हो भने आफ्नो मध्यचन्द्रिकामा त हेमराजले बनाएको चन्द्रिकाव्याकरणअनुसार मैले यो बनाएको हुँ भनी नलेख्न त सोमनाथ गुरु सक्नुहुन्थ्यो। त्यसमा सोमनाथ गुरुलाई कसैले केही गर्न सक्तैनथ्यो। परन्तु प्रत्येक संस्करणमा हेमराजले बनाएको चन्द्रिका-व्याकरणअनुसार मैले मध्यचन्द्रिका बनाएको हुँ भनी सोमनाथ गुरुले लेख्नुभएको छ।

वि० सं० २००७ पछि नेपालमा प्रकाशनस्वतन्त्रता आयो। त्यस वेला हरिनाथजी शिक्षामन्त्रीका सल्लाहकार तथा नेपाली भाषाप्रकाशिनी समितिका अध्यक्ष पनि बन्नुभएको थियो। त्यसै वेला हरिनाथजी निर्धक्कसँग चन्द्रिकाव्याकरणका कर्ताको विषयमा बोल्न सक्नुहुन्थ्यो। वि० सं० २००७ पछि हेमराज निस्तेज हुनुभयो तथा त्यस वेला उहाँको आश्रय सोमनाथ गुरुले छोड्नु पनि भयो। त्यसै वेला सोमनाथ गुरु यो प्रश्न निर्धक्कसँग उठाउन सक्नुहुन्थ्यो। हेमराजजीको स्वर्गवास वि० सं० २०१० मा भयो। त्यस वेलासम्म चन्द्रिकाको कर्ताको विषयमा विप्रतिपत्ति उठेको सुनिएन।

हेमराजको मृत्यु भएको १३ वर्षपछि तथा चन्द्रिकाव्याकरण छापिएको ५४ वर्षपछि चन्द्रिका-व्याकरण हेमराजले बनाउनुभएको होइन, मैले बनाएको हुँ भनी सोमनाथले भन्नुभयो भन्ने कुरा उत्तम कुँवरजीको पुस्तकमा छापियो। मैले त्यसो भनेको होइन भनी सोमनाथ गुरुले तत्काल त्यसको खण्डन छपाउनुभयो। गुरुज्यू हेमराज तथा सोमनाथ गुरु दुवैले यस संसारलाई छोडिसकेपछि हरिनाथज्यूले यसो भन्नुभयो भनी शिवराजजी नयाँ तर्क पेश गर्न आउनुभएको छ।

साठी वर्षभन्दा अगाडिदेखि लिखित रूपमा सबैले मानी आएको कुरालाई नमानी बीचका मानिसले यसो भने रे भन्ने कुरा प्रमाणको कोटिमा चढ्न सक्तैन।

प्रमाणबाट सिद्ध नहुने यस्तो कुरामा पनि शिवराजजी किन लाग्नुभएको हो, यो कुरो केही बुझिएन।

## शुद्धिपत्र

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| १५३ | ८ | व्याँसीहरुको | व्याँसीहरूको |
| १६१ | १७ | श्वरणा- | चरणा- |
| १६७ | १८ | पशुपतिश्वरको | पशुपतीश्वरको |
| १७५ | १५ | चित्तबुकदो | चित्तबुझ्दो |
| १७५ | २१ | वज्राचाय | वज्राचार्य |
| १७५ | ३० | लखेका | लेखेका |

# पं० विष्णुहरि रिमाल र चन्द्रिकाव्याकरण

**–नयराज पन्त**

पं० विष्णुहरि रिमाल पहिले श्री ३ जङ्गका माहिला छोरा क० इ० जितजङ्गले स्थापना गरेका राजराजेश्वरीपाठशालामा पढाउँथे; बयालीस साल पर्व भएपछि विष्णुहरि रानीपोखरीपाठशालामा सारिए; विष्णुहरिले काशीमा बाल शास्त्रीसँग व्याकरण पढेका हुन्; काशीका प्रसिद्ध वैयाकरण दामोदर शास्त्री पनि विष्णुहरिको पाण्डित्यले प्रभावित थिए; विष्णुहरिकहाँ पुगेपछि व्याकरणविषयको शङ्काको टुङ्गो लाग्थ्यो; विष्णुहरि रानीपोखरीपाठशालामा प्रधानाध्यापक भएका थिए; विष्णुहरिको स्वभाव प्रपञ्ची थिएन भन्ने कुरा मैले धेरैको मुखबाट खण्ड खण्ड गरी सुनेको छु ।

पं० कोमलनाथ अधिकारीका छोरा पं० बुद्धिनाथ मसँग भेट हुँदा तपाईंका बा (पं० कृष्णदत्त पन्त) हाम्रा मातामह (पं० विष्णुहरि रिमाल) कहाँ गुरुपूर्णिमाको दिन गुरुपूजा गर्न आउनुहुन्थ्यो; उहाँले गुरुलाई चढाएका नैवेद्यहरू हामी खान्थ्यौं भन्ने कुरा बराबर गर्नु हुन्छ ।

म पाठशालामा पढ्दा लुकी लुकी भाषाकविता गर्थें, किनभने हेडगुरु (पं० विष्णुहरि रिमाल) ले थाहा पाउनुभयो भने झापट खानुपर्थ्यो भन्ने कुरा कविशिरोमणि लेखनाथ पौड्यालको मुखबाट एकपल्ट मैले सुनेथें ।

म पाठशालामा पढ्थें; गुरु विष्णुहरि पाठको जाँच गर्नु हुन्थ्यो; पाठ सुनाउन नसक्नेलाई ठटाउनुहुन्थ्यो; मलाई गुरुले प्रश्न सोध्नुभएको थियो; मलाई उत्तर राम्रो आउँदैनथ्यो; त्यसै वेला गुरुलाई हाँछ्यू आयो; मैले नजीकैमा बसेको साथीसँग उत्तर सोध्ने मौका पाएँ र गुरुको पिटाइबाट बचें भनी ऐ० शि० बाबुराम आचार्यले मसँग भन्नुभएको थियो ।

विष्णुहरिज्यूको विषयमा यस्तै किसिमका केही कुरा मैले सुनेको छु । विष्णुहरिको विषयमा विशेष प्रामाणिक ज्ञान मसँग छैन ।

विष्णुहरिका नाति धर्मप्रसाद रिमाल (पछि ना० सु०) स्रेस्तापाठशालामा पढ्दा मेरा सहपाठे हुनुहुन्थ्यो । उहाँसँग अहिले पनि मेरो बराबर भेट हुन्छ । उहाँसँग मैले हालै विष्णुहरिज्यूको जन्म मृत्युको विषयमा प्रश्न गरें । उहाँको जन्म पश्चिम १ नं. फिर्केपमा वि० सं० १९०१ मा भएको हो, महीना तिथि मलाई थाहा छैन; मृत्युचाहिँ वि० सं० १९७१ माघकृष्णत्रयोदशीमा भएको हो भन्ने जवाफ धर्मप्रसादजीबाट मैले पाएँ ।

राजगुरु हेमराजको चन्द्रिका प्रथम द्वितीय प्रकाशमा प्रकाशनमिति वि० सं० १९६९ दिइएको छ (पूर्णिमा २८ अङ्कको २०८ पृ०) ।

वि० सं० २०२९ मा प्रकाशित सरदार पं० राममणि आचार्य दीक्षितको पुराना सम्झनाको ५५ पृष्ठमा यस्तो लेखिएको छ –

खास गरेर मेरो विरोधमा चन्द्रिकाको जन्म भयो । गोरखा व्याकरण बोधलाई लुप्पा खुवाउन १९७२ मा प्रकाशमा आएता पनी १९६९ सालको जन्मतिथि राखेर जन्मोत्सवको दिन पारी श्री ३ चन्द्रको हातमा चडाईयो ।

राममणिज्यूको भनाइअनुसार वास्तवमा चन्द्रिकाको प्रकाशन वि० सं० १९७२ मा भएको हो, गुरुज्यू हेमराजले दाउपेच गर्न वि० सं० १९६९ को मिति राखेका हुन् भन्ने देखिन्छ ।

वि० सं० २०१२ फाल्गुन १९ गते शुक्रवारको गोरखापत्रको सम्पादकस्तम्भमा–

प्रकाण्ड विद्वान् विष्णुहरि रिमालले विद्वच्छिरोमणि हेमराज गुरुज्यूको नेपाली व्याकरणलाई भुइँमा पछारेको घटनाले हाम्रो साहित्यको इतिहासमा अवस्थाको सूचना दिन्छ ।

–भनी लेखिएको रहेछ ।

(नाती दिनेशराज पन्त अरू नै अन्वेषण गर्न राष्ट्रिय अभिलेखालयमा जाँदा प्रसङ्गवश गोरखापत्रको यस वाक्यमा उनको आँखा परेछ र उनले सो सम्पादकको स्तम्भ सारेर ल्याई मलाई सुनाएका हुन् ।)

गोरखापत्रको यस लेखाइबाट हेमराजज्यूको नेपालो भाषाप्रतिको रुचिलाई विष्णुहरिज्यूले तिरस्कारको दृष्टिले हेरेको बुझिन्छ ।

गोरखापत्रको भनाइअनुसार विष्णुहरिले चन्द्रिका भुइँमा पर्याँकिदिएका थिए भन्ने देखिन्छ । विष्णुहरिको मृत्यु वि० सं० १९७१ माघमा भएकोले वि० सं० १९७१ माघभन्दा पहिले चन्द्रिकाको प्रकाशन भइसकेको देखिन्छ । यस अवस्थामा राममणिज्यूको चन्द्रिकाप्रकाशनमितिसम्बन्धी वाक्यलाई हामीले कसरी स्वीकार गर्ने हो, यो विचारणीय विषय भएको छ ।

(वि० सं० २०३१ वैशाख २१ गते शनिवारको गोरखापत्रबाट)

०००

# किन गरूँ बेफ्वाँक पढ्ने श्रम

–नयराज पन्त

धेरै कष्ट गरेर पढ्नु अहिले बेकाम जस्तै भयो,
थोरै नै श्रमले पढे पनि बडो संमान मिल्ने भयो ।
हेरी औसर बोल्न सक्छ जसले, त्यै हुन्छ ठूलो जन,
यस्तै नै रटना छ ता किन गरूँ बेफ्वाँक पढ्ने श्रम ।।

२०२९।४।२९।१

# को हेर्छ सीमातक ?

—नयराज पन्त

के खाने, परिवारलाइ कसरी सन्तुष्ट राख्ने भनी
धेरैको मन पोल्छ, यो भुटभुटी नै बन्छ त्यो जीवनी ।
चढ्दो यौवनका तथा धनिक क्यै छन् सुन्दरी–सेवक,
यै देखिन्छ यहाँ यताउति भने को हेर्छ सीमातक ? ।।१।।

२०२८।५।१०।५

जाओस् धर्म, अकीर्ति लोकभरमा फैलिन्छ ता फैलियोस्,
रोऊन् बान्धव दैन्यले, मुलुक नै भासिन्छ ता भासियोस् ।
यो सिद्धान्त बताउने स्वकृतिले छन् इन्दिरोपासक[1],
यै देखिन्छ यहाँ यताउति भने को हेर्छ सीमातक ? ।।२।।

आफैं गै अथवा कुनै तरहले सम्बन्ध जोडीकन
जल्ले सक्छ विदेशका मनुजको केही प्रशंसा लिन ।
त्यल्ले नै धनमान पाउँछ तथा मानिन्छ त्यै लायक,
यै देखिन्छ यहाँ यताउति भने को हेर्छ सीमातक ? ।।३।।

धेरै दूर विचार्नलाइ चतुरा बाठा विधर्मी जन
जे बोल्छन्, त्यति नै सुगासदृश भै जो सक्छ भट्ट्याउन ।
सोही शिक्षित हो भनिन्छ, सबको मानिन्छ त्यै नायक,
यै देखिन्छ यहाँ यताउति भने को हेर्छ सीमातक ? ।।४।।

हुन् प्राचीन कुरा भलो यति कुरा भन्छन् कुनै मानिस,
हुन्छन् नव्य कुरा भलो यति कुरा भन्छन् कुनै मानिस ।
पुग्दैनन् दुइटै गभीर तहको राम्रो परीक्षातक,
यै देखिन्छ यहाँ यताउति भने को हेर्छ सीमातक ? ।।५।।

२०२८।५।११।६

१.इन्दिरोपासक = लक्ष्मीभक्त ।

# हाम्रो वक्तव्य

गूठीसंस्थानद्वारा वि० सं० २०३१ वैशाख ज्येष्ठ आषाढमा प्रकाशित धर्म दर्शनको पहिलो अङ्कमा पं० महेश्वर शास्त्री भट्टको श्री नन्दिकेश्वर महादेवको सम्बन्धमा भन्ने लेख छापिएको छ । सो लेखमा नन्दिकेश्वरबहालको वि० सं० १८६५ को सुवर्णप्रभाको अभिलेखको सम्पूर्ण संस्कृतभाग छापिएको छ (४–५ पृष्ठ) । सोही लेखको अघिल्तिर सम्पादकको टिप्पणीमा (१ पृष्ठमा) यस अभिलेखको विषयमा

हामीलाई नन्दिकेश्वर बहालको शिलापत्र सर्वप्रथम योगी नरहरिनाथज्यूबाट प्राप्त भएको थियो । तर शिलालेख मात्र प्रकाशित गराउनु भन्दा नन्दिकेश्वर–मन्दिरको सम्बन्धमा अन्य ऐतिहासिक कुरा समेतको विस्तृत लेख नै प्रकाशित गराउने उद्देश्यले 'धर्म दर्शन' का सम्पादक नरहरि आचार्य गई बुझ्दा नन्दिकेश्वर महादेव स्थानका वर्तमान पुजारी श्री पं० महेश्वर शास्त्री भट्टज्यू भेट हुनु भयो । भट्टज्यूले आफूले नन्दिकेश्वर बहालका सम्बन्धमा जानेका कुरा र त्यहाँ रहेको शिलालेखको नेपाली अनुवाद हामीलाई दिनुभयो । जसलाई यहाँ लेखको रूपमा प्रस्तुत गरिएको छ ।

यस्तो लेखिएको रहेछ ।

तर रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलद्वारा सम्पादित वि० सं० २०२० माघसङ्क्रान्तिमा प्रकाशित अभिलेख-सङ्ग्रहको १२ भागका ८–१२ पृष्ठमा सो अभिलेख सम्पूर्ण छापिएको छ ।

त्यस कारण संशोधन–मण्डलले गरेको अन्वेषणको यश गूठीसंस्थानले लिन खोजेको देखिन्छ ।

\+ \+ \+

सूचना – वि० सं० २०२८ कार्तिक मार्ग पौषमा निस्कनुपर्ने एकतीसौं अङ्क हाम्रो कमजोरीले अहिले वि० सं० २०३१ मार्गको चौथो हप्तामा मात्र निस्क्यो ।

## शुद्धिपत्र

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| १८३ | १८ | केहो | केही |
| १९० | १५ | एउट | एउटै |
| १९१ | ५ | पडेको | पाँडेको |
| १९१ | २७ | छोडिदिनुभएकोछ | छोडिदिनुभएको छ |
| १९३ | १८ | वाबुराम | बाबुराम |
| १९४ | २१ | ग्रते | गते |

का. मे. अ. द. नं. १५५/२४९

कार्यालय

# संशोधन–मण्डल

१०/३७४ वटु सवलबहाल काठमाडौं नेपाल

## वि० सं० २०३१ मार्ग

यस अङ्कको मूल्य रु. ४।

मुद्रक–
शारदा प्रेस
मरु इलाछें, फोन नं.–१४४२५